# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ३७ | बुटवल | २०८२ माघ १७ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday January 31, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


## जेलेन्सकी सरकार जन्माउने प्रयास भएको छ : पोखरेल



बुटवल । नेकपा एमालेका महासचिव शंकर पोखरेलले जेनजी आन्दोलनपछि नेपालमा विदेशी कठपुतली सरकार निर्माण भएको टिप्पणी गरेका छन् ।

प्रेस चौतारी नेपालको साक्षात्कार कार्यक्रममा बोल्दै उनले चुनावपछि जेलेन्सकी सरकार जन्माउने प्रयास भइरहेको बताए ।

उनले भने-'संविधान घायल भएको छ, लोकतन्त्र कमजोर भएको छ, नेपाललाई भूराजनीतिक द्वन्द्वको क्रिडास्थल बनाउने षड्यन्त्र हुँदैछ । अहिले विदेशीको कठपुतली सरकार निर्माण भएको छ, भविष्यमा पनि त्यसलाई निरन्तरता दिनको लागि जेलेन्स्की जन्माउने योजनाको साथ अभियान सुरू भएको छ ।'उनले विदेशी षड्यन्त्रलाई सफल बनाउन नदिने गरी अघि बढेको बताए । चीन र भारतका विरुद्धमा शक्ति राष्ट्रहरूले चलखेल गर्ने अखडाका रूपमा नेपाली भूमिको प्रयोग गर्न नदिने जनाए ।

पोखरेलले झापा ५ मा एमाले अध्यक्ष केपी ओलीले जित्ने दाबी गरेका छन् ।

सामाजिक सञ्जालमा केही भ्रम फैलाइएको भए पनि अध्यक्ष ओली सुरक्षित अवस्थामा रहेको उनले बताए ।

उनले भने-'झापाका जनताले पपुलिजम र एनार्किजममा परेर नतिजा नै तलमाथि गर्छन् भन्ने मान्यता पार्टीको छैन । सामाजिक सञ्जालमा हुने हल्लाखल्लाले सामान्य प्रभाव पारेको छ । तर हामी सुरक्षित अवस्थामा छौं, कुनै जोखिमको अवस्था छैन भन्ने हामीले विश्लेषण गरेका छौं ।'

पोखरेलले आगामी निर्वाचनमा नेपाली कांग्रेस नै मुख्य प्रतिस्पर्धी शक्ति रहेको बताएका छन् ।

एमालेको प्रतिस्पर्धा रास्वपासँग नभएको उनको भनाइ छ । कांग्रेस देशको पुरानो पार्टी भएको र अहिले पनि कांग्रेस नै प्रतिस्पर्धी शक्ति रहेको बताएका हुन् ।

'काठमाडौंमा राष्ट्रिय स्वतन्त्र पार्टी प्रतिस्पर्धामा नै छैन भन्ने विश्लेषण आइरहेको छ । रास्वपाको प्रभाव शहरी क्षेत्रको तुलनामा ग्रामिण क्षेत्रमा बढेको देखिन्छ,' उनले भने-'तर, त्यो प्रभाव चुनाव जित्ने तहसम्मको होइन भन्ने छ । त्यसैले एमालेसँग कांग्रेस नै प्रतिस्पर्धामा छ ।'

पोखरेलले रास्वपाले समानुपातिकतर्फ मत बढाउने विश्लेषण पनि सुनाए ।

'अघिल्लो चुनावमा समानुपातिक हकमा शहरी क्षेत्रको मत रास्वपालाई धेरै गएको हो । अहिले घट्ने देखिन्छ । तर, प्रत्येक जिल्लामा केही न केही ल्याइहाल्छ, त्यसैले ग्रामिण क्षेत्रको मत बढ्ने आँकलन छ ।'- महासचिव पोखरेलले सुनाए ।

झापा ५ मा एमाले अध्यक्ष ओलीसँग रास्वपाका वरिष्ठ नेता चुनावी मैदानमा छन् ।

यस्तै, दाङमा आफूले जित्ने दाबी गरे । अघिल्लो निर्वाचनमा गठबन्धनको कारणले थोरै मतले हारेको भन्दै यस पटक जिते दाबी गरे । महासचिव पोखरेलले नेकपा एमालेले फागुनको पहिलो साता चुनावी घोषणा पत्र सार्वजनिक गर्ने बताए ।

उनले भने-'उम्मेदवारी दर्तापछि निर्वाचनको आयोगले प्रचारको समय पछाडि मात्रै दिएको छ, अहिले आन्तरिक भेटघाट त चलिरहेको छ, तर चुनावी प्रचार आचारसंहिताको कारणले सुरु हुन सकेको छैन ।

घोषणापत्र लिएर चुनावी प्रचारमा जाने समय नै सुरू भएको छैन ।'

उनले एमालेका उम्मेदवारहरू चुनावी घोषणापत्रसहित मैदानमा जाने बताए ।

## रूपन्देहीमा ६ पूर्वमन्त्री चुनावी मैदानमा



**मोहम्मद हबिब**

*भैरहवा*

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन हुँदैछ, जसका लागि अहिले उम्मेदवारहरू भेटघाटको क्रममा छन् । ५ निर्वाचन क्षेत्र रहेको रूपन्देहीमा १ सय ५५ जना उम्मेदवार चुनावी मैदानमा होमिएका छन् ।

केही नौला र नयाँ अनुहार चुनावी मैदानमा होमिदा पुराना र पूर्व मन्त्रीहरू समेत सहभागी छन् । निर्वाचन नजिकिदै जाँदा रौनक पनि बढेको छ । रूपन्देहीको ३ बाहेक सबै क्षेत्रमा पूर्व मन्त्रीहरू पनि उम्मेदवार छन्, जसका लागि ६ जना पूर्वमन्त्रीहरू उम्मेदवार बनेर चुनावी मैदानमा उत्रेका छन् । क्षेत्र नम्बर १ मा नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट घनश्याम यादव उम्मेदवार छन् । यादव पूर्व स्थानीय विकास राज्यमन्त्री थिए । उनी २०६४ सालमा सोही निर्वाचन क्षेत्रबाट तत्कालिन नेकपा (माओवादी) बाट निर्वाचित भएका थिए । त्यसपछिका चुनावमा उनी पश्चिम नवलपरासीबाट उम्मेदवार बने पनि विजयी हुन नसकेपटि अहिले रूपन्देही-१ बाट उम्मेदवार बनेका छन् ।

त्यस्तै क्षेत्र नम्बर २ मा नेकपा (एमाले) बाट पार्टीको उपाध्यक्ष तथा पूर्व उप-प्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल पुनः उम्मेदवार बनेका छन् । पौडेल २०६४, २०७०, २०७४ र २०७९ सालमा निर्वाचित लगातार निर्वाचित हुँदै आएका छन् । यस पटक उनलाई पाल्पाको लागि उम्मेदवार सिफारिस भए पनि आफ्नै जितिरहेकै क्षेत्रमा उम्मेदवारी कायम भएको छ ।

रूपन्देही क्षेत्र नं. ३ मा कुनै पूर्व मन्त्रीको उम्मेदवारी छैन । स्व. दिपक बोहरा पूर्व मन्त्रीको रूपमा रहे पनि उनको विरासत जोगाउनका लागि जेठो छोरो क्यापटेन गौरब बोहराको उम्मेदवारी छ ।

क्षेत्र नम्बर ४ मा जनता समाजवादी पार्टी (जसपा), नेपालबाट पूर्व शिक्षामन्त्री सर्वेन्द्रनाथ शुक्ल उम्मेदवार बनेका छन् । २०७९ सालमा पनि सोही क्षेत्रबाट निर्वाचित शुक्ल यसपटक पनि उम्मेदवार बनेका छन् । उनले शिक्षासहित विभिन्न मन्त्रालयको जिम्मेवारी सम्हालेको अनुभव छ ।

क्षेत्र नम्बर ५ मा नेपाली काँग्रेसबाट पूर्व अर्थराज्यमन्त्री भरत कुमार शाह उम्मेदवार भएका छन् । उनी २०७० र २०७४ सालमा सोही क्षेत्रबाट निर्वाचित भएका थिए । तर, २०७९ सालमा भने नेकपा (एमाले) का उम्मेदवार बासुदेव घिमिरेसँग पराजित भएपछि अहिले पुनः उम्मेदवार बनेका छन् ।

क्षेत्र नम्बर ५ मा जनता समाजवादी पार्टी, नेपालबाट पूर्व वनमन्त्री मोहम्मद वकील मुसलमान उम्मेदवार बनेका छन् । उनी नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट उम्मेदवार बनेका छन् । २०६४ सालमा मुसलमान सोही क्षेत्रबाट संविधान सभा सदस्यमा निर्वाचित भएका थिए । त्यस्तै जनमत पार्टीबाट पूर्व कृषि राज्यमन्त्री ओमप्रकाश यादव (गुल्जारी) को पनि उम्मेदवारी छ । उनी २०६४ सालमा रूपन्देही क्षेत्र नम्बर ३ बाट संविधान सभा सदस्यमा निर्वाचित भएका थिए ।

जिल्ला निर्वाचन कार्यालय रूपन्देहीका अनुसार प्रतिनिधिसभा निर्वाचन-२०८२ का लागि जिल्लामा ३ लाख ४६ हजार २ सय ३ जना पुरूष, ३ लाख ३६ हजार ३ सय ११ जना महिला र ९ जना अन्य गरी ६ लाख ७२ हजार ५ सय २३ मतदाता छन् ।

२०७९ सालमा १ लाख ३९ हजार ५ सय ६० मतदाता रहेको क्षेत्र नम्बर १ मा ६८ दशमलव ७८ प्रतिशत मतदान भएको थियो । त्यस्तै १ लाख २६ हजार ८ सय७ मतदाता रहेको क्षेत्र नम्बर २ मा ६३ दशमलव ९८ प्रतिशत , १ लाख ३२ हजार ७ सय ९१ मतदाता रहेको क्षेत्र नम्बर ३ मा ७० दशमलव ४६ अर्थात् ९३ हजार ५ सय ६७ जनाले मत दिएका छन्, १ लाख १० हजार ६ सय ५९ मतदाता रहेको क्षेत्र नम्बर ४ मा ६९ दशमलव ६४ र १ लाख २९ हजार १ सय ३५ मतदाता क्षेत्र नम्बर ५ मा ६६ दशमलव ३७ प्रतिशत मतदान भएको थियो ।

## मृत्युको ४५ दिनपछि इशानको अन्त्येष्टी



बुटवल । रूपन्देहीको कञ्चन गाउँपालिकाका १७ वर्षीय इशान शर्माको शंकास्पद मृत्युको ४५ दिनमा अन्त्येष्टी भएको छ । कञ्चन गाउँपालिका-३ धौलागिरिचोक घर भएका इशानको पुस २ गते मृत्यु भएको थियो । प्रहरीले गाडीको ठक्करबाट इशानको मृत्यु भएको बताए पनि मृतकका परिवार र स्थानीयले अस्वीकार गर्दै शव बुझ्न र दाह संस्कार गर्न अस्वीकार गर्दै आएका थिए ।

स्थानीय बुद्धदीप बोर्डिङ स्कुलमा कक्षा ११ मा अध्ययनरत इशान तेक्वान्दो खेलाडी र प्रशिक्षकसमेत थिए ।

पुस २ गते पढाइ सकेर स्कुलबाट घर आएर जिम हाउस गएका उनी उक्त साँझ घर फर्केका थिएनन् ।

अर्को दिन इशानको शव आफ्नै घरबाट डेढ सय मिटर उत्तरमा सडक किनारको नालीमुनि भेटिएको थियो ।

प्रहरीले गाडीको ठक्करबाट पुस २ गते साँझ इशानको मृत्यु भएको र ३ गते शव फेला परेको प्रारम्भिक अनुसन्धान रिपोर्ट परिवारजनलाई सुनाएपछि परिवार र स्थानीयले त्यसलाई अस्वीकार गर्दै योजनाबद्ध हत्या भएको दाबी गरेका थिए ।

इशानको परिवारले गाडीको ठक्करबाट मृत्यु भएको भन्ने प्रहरीको भनाइ पत्यारलाग्दो नभएको तर्क गरेका थिए ।

इशानको शव ढक्कन भएको नालीमुनि खुट्टा पसारेर कोल्टे परेर सुतेको अवस्थामा भेटिनु, गाडीले ठक्कर दिएको भए गाडीको ब्रेक लागेर टायर घिस्रिएको र रगतको कुनै दाग सडकमा हुनुपर्नेमा त्यो नभएको हुँदा दुर्घटना नभएको परिवारको दाबी थियो ।

मृतकका ठूलोबुबा पुष्पराज शर्माले गाडीको ठक्करबाट मृत्यु भएको विश्वास नलाग्दा शव बुझ्न अस्वीकार गरेको, तर प्रहरी प्रशासनले घटनाको अनुसन्धान जारी रहेको र पीडितले न्याय पाउने विश्वास दिलाएपछि अन्त्येष्टी गरिएको बताए ।

घटनाको सत्यतथ्य अनुसन्धान गरी वास्तविक दोषी पत्ता लगाउन दबाब दिन स्थानीयले पटक-पटक इलाका प्रहरी कार्यालय रूद्रपुर र सालझन्डी हुँदै जिल्ला प्रहरी कार्यालय रूपन्देहीमा पुगेर धर्नासहित नाराबाजी गरेका थिए ।

प्रहरीले भने लु २ ख ४९४८ नम्बरको गाडीले ठक्कर दिई मृत्यु भएको प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरेको थियो । कञ्चन गाउँपालिकाको तुल्सीघाटमा इशानको दाह संस्कार भएको हो । दाह संस्कारमा हजारौं स्थानीयको सहभागिता थियो । इशान परिवारको एक्लो छोरो थिए ।

## राजस्वमा डेढ खर्बको खाडल

बुटवल । अर्थ मन्त्रालयले चालु आर्थिक वर्ष २०८/०८३ को दोस्रो त्रैमासमा सम्पन्न गरेका कामकारबाही र उपलब्धि सार्वजनिक गरेको छ ।

मन्त्रालयले बजेट कार्यान्वयन, राजस्व व्यवस्थापन, कानुनी सुधार, वित्तीय सङ्घीयता, वित्तीय क्षेत्र सुधार, योजना-अनुगमन र प्रशासनिक व्यवस्थापनसम्बन्धी विस्तृत प्रगति विवरण सार्वजनिक गर्दै राज्यकोष व्यवस्थापन, निर्वाचन खर्च, राजस्व प्रशासन सुदृढीकरण तथा सुशासन प्रवर्द्धनमा केन्द्रित प्रयास अघि बढाएको जनाएको छ । मन्त्रालयका अनुसार पुस मसान्तसम्ममा वार्षिक लक्ष्यको ४६ दशमलव ०६ प्रतिशत बजेट खर्च भएको छ । यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १० दशमलव ७५ प्रतिशतले बढी हो ।

चालु आवका लागि सरकारले १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट विनियोजन गरेकामा पुस मसान्तसम्म नौ खर्ब चार अर्ब ६४ करोड ४३ लाख खर्च भएको छ । चालु शीर्षकमा ११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन भएकामा ४० दशमलव ८२ प्रतिशत अर्थात् चार खर्ब ८२ अर्ब १० करोड ८० लाख र पुँजीगत शीर्षकमा चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन भएकामा ११ दशमलव ६६ प्रतिशत अर्थात् ४७ अर्ब ५४ करोड ४० लाख खर्च भएको जनाइएको छ ।गत आवको तुलनामा यस अवधिको कुल चालु खर्च तीन दशमलव ३५ प्रतिशतले वृद्धि भएको छ भने पुँजीगत खर्च चार दशमलव ८६ प्रतिशतले घटेको छ । यस्तै, वित्तीय व्यवस्थातर्फको खर्च ५३ दशमलव २९ प्रतिशतले बढेको मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ ।

विवरणअनुसार पुँजीगत खर्चमा कमजोर मात्र नभई राजस्व सङ्कलनमा पनि ठूलो चाप देखिएको छ । चालु आवका लागि सरकारले कुल १४ खर्ब ४० अर्बको राजस्व उठाउने लक्ष्य राखेको छ भने पुस मसान्तसम्ममा सात खर्ब ११ अर्ब २० करोड ७९ लाख राजस्व उठाउने भनिएको थियो, तर यस अवधिमा पाँच खर्ब ८१ अर्ब ४० करोड ७२ लाख बराबर मात्रै राजस्व उठेको छ । जुन लक्ष्यभन्दा एक खर्ब २९ अर्ब ८० करोड कम हो ।

यस्तै, बेरूजु फछ्र्यौटमा पनि अर्थ मन्त्रालय कमजोर देखिएको छ । मन्त्रालयको कुल एक खर्ब २५ अर्ब बेरूजु रहेकामा यस अवधिमा आठ अर्ब मात्र फछ्र्यौट भई एक खर्ब १७ अर्ब कायम भएको प्रगति प्रतिवेदनमा उल्लेख छ । जुन छ दशमलव चार प्रतिशतको प्रगति हो ।


» *बाँकी ३ पेजमा*





दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ माघ १७ गते, शनिबार

तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

"चाहे वनका रूखहरू होस्
चाहे भीरको ढुंगा
यहाँ प्रत्येक वस्तुमा कीर्ति खोपिएको छ,
इतिहास लेखिएको छ।"

– अजम्बरध्वज खाती

पुस्तक अंश

# संस्कृत वाङ्मयका विषयमा मेरा धारणाहरू

**गोपीरमण उपाध्याय**

मैले संस्कृत साहित्यमा शिक्षा प्राप्त गरे पनि त्यस साहित्यका विषयमा कहिल्यै कलम चलाइनँ। हुन त विक्रम संवत् २०३१ सालमा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय वाराणसीबाट 'रुक्मिणीहरणमहाकाव्यस्य नैषधमहाकाव्येन सह तुलनात्मक परिशीलनम्' अर्थात् रुक्मिणीहरण महाकाव्य (बिसौं शताब्दी र नैषध महाकाव्य बाह्रौं शताब्दी) का बिचमा तुलनात्मक अध्ययन विषयमा विद्यावारिधि गर्ने अनुमति प्राप्त गरेको थिएँ। दुई वर्षको अध्ययनपश्चात् उक्त लेखन कार्यले एक स्तरको सफलता पनि प्राप्त गयो। शोधपत्रका बाँकी कामहरू पूरा नगर्दै २०३२ सालको अन्त्यतिर नेपाल आएपछि शिक्षण, पत्रकारिता र राजनीति आन्दोलनमा एकाकार भएर लागेँ। त्यसपछिको मेरो सम्पूर्ण अध्ययन र अध्यवसाय एकाएक अर्कैतिर मोडिए। लेखनको विषयमा पत्रकारिता र अध्ययनको विषय पनि । दर्शनमा मार्क्सवाद र साहित्यमा प्रगतिवाद कायम भयो । त्यसपछि कहिलेकाहीँ घरमा रहेका संस्कृत साहित्यका पुस्तकहरू यसो ओल्टाइपल्टाइ हेरे पनि तिनका विषयमा चर्चा परिचर्चा गर्ने कुनै त्यस्तो वातावरण कायम हुन सकेन।

वि.सं. २०५७ सालतिर माओवादी जनयुद्धले उत्कर्षता प्राप्त गरेका समयमा सम्पूर्ण संस्कृत भाषा एवम् वाङ्मयप्रति नै ठुलो हमला भइरहेको थियो । संस्कृत वाङ्मय जति सबै प्रतिक्रियावाद भन्ने नाराका साथ नेपाल संस्कृत विश्वविद्यालयमा रहेका प्राचीन कालका प्राचीन ग्रन्थ र पाण्डुलिपिहरू जलाउने काम भएपछि सबै संस्कृतज्ञहरू एक प्रकारले आतङ्कित बन्न पुगेको अवस्था थियो । विद्यालयहरूमा पढाइने कक्षा ८ सम्मको ५० नं. को संस्कृत भाषाका कक्षाहरू पनि बन्द भए तर पनि केही साहित्यकारहरू जो क. पुष्पलालको स्कुलिङबाट शिक्षित भएका थिए तिनीहरूले भने "प्राचीनतालाई पनि नवीन सेवामा प्रयोग गर" भन्ने कुरालाई आत्मसात् गर्दै प्राच्यविद्या विज्ञानको महत्त्वबारे केही चासो दिएको देखिन्छ।




साहित्यिक क्षेत्रमा मोहन वैद्य 'किरण' लाई सबैले सौन्दर्य शास्त्री भनेर चर्चा गरेको सुन्दा मलाई राम्रै लाग्छ। हुन सक्छ, साहित्यमा उहाँले पाश्चात्य अलङ्कार, विम्ब आदि विषयलाई लिएर केही लेखेका हुनाले मात्र पनि उनलाई यस्तो भनिएको होला, तर उहाँको सौन्दर्यशास्त्रानुभूतिका मुख्य तत्व भनेको संस्कृत साहित्यमा पाइने अलङ्कारशास्त्र, विम्बशास्त्र र ध्वनिशास्त्र र त्यसको प्रस्तुतिको एकीकृत रूप नै सौन्दर्यशास्त्रको जग हो जसका आम जराहरू आनन्दवर्धन (नवौं शताब्दी), भामह ( नवौं शताब्दी) मम्मट (एघारौं शताब्दी), विश्वनाथ (चौधौं शताब्दी), पण्डितराज जगन्नाथ (१७औँ शताब्दी) जस्ता संस्कृत साहित्यका अलङ्कारसर्वस्व, सिद्धान्तकारहरूले चर्चा गरेको सौन्दर्य शास्त्रका ग्रन्थहरू क्रमशः काव्यप्रकाश, साहित्यदर्पण र रसगङ्गाधर जस्ता ग्रन्थहरूमा वर्णित विषय वस्तुहरू नै हुन्। जसरी वैदिक साहित्यलाई अङ्ग्रेजी भाषा र जर्मन भाषामा अवतरण गराउने विद्वानहरूका पङ्क्तिमा सर विलियम जोन्स, रुडल्फ रोथ ग्रामसन आदि हुन् भने भामहको अलङ्कारशास्त्रमा अनुसन्धान गर्ने रुसी विद्वान् थियोडोर स्चेर्वात्स्की (१८७०-१९४२) ले संस्कृत साहित्यको सौन्दर्यका सम्बन्धमा आफ्नो महान् गवेषणा प्रस्तुत गरेका थिए। यस्तैगरी संस्कृत साहित्यको सैद्धान्तिक पक्षका महानतम ग्रन्थहरूमा रहेको साहित्यको सौन्दर्यसम्बन्धी अनेकौँ चर्चा परिचर्चा आदि भएको देख्न पाइन्छ।

साहित्यको स्वरूप र सौन्दर्यका सम्बन्धमा जति व्यापक चर्चा भए पनि युगअनुरूपको विचारका विषयमा भने यी ग्रन्थहरूमा त्यति विशद चर्चा भएको देखिँदैन । आधुनिक साहित्यको सौन्दर्य शास्त्रले भने त्यसको रूपपक्ष मात्र नभएर अन्तर्वस्तुमा पनि सौन्दर्यको पक्षपोषण गरेको हुन्छ । अन्तर्वस्तुको सौन्दर्य पक्ष भनेको "जहाँ मानिसले मानिसमाथि गर्ने शोषणको अन्त्य गर्ने विचार प्रक्षेपणको सवाल नै प्रगतिवादी साहित्यको सौन्दर्य पक्ष हो।" साहित्यमा यस्ता प्रकारका विचार मार्क्सवादको उदयपछि मात्र भएको हो । यसले संसारका सबैभन्दा विपन्न तर वैचारिक रूपले सबैभन्दा उन्नत सर्वहारा वर्गीय विचार बोकेको साहित्य नै वास्तविक रूपले सौन्दर्यपूर्ण साहित्य हो। यसको रूपपक्षमा संस्कृत साहित्यको सौन्दर्यसम्बन्धी चिन्तन भएमा त्यस्तो साहित्य नै युग विशेषका हिसाबले सौन्दर्य बोध गर्ने साहित्य हो । मोहन वैद्यले यो कुरा राम्रो गरी बुझेर विश्लेषण दिनुभएका हुनाले पनि यसमा सार्थकता रहेको देखिन्छ।

के अहिलेको युगमा संस्कृत साहित्यको सौन्दर्यशास्त्र अर्थात् विधिशास्त्रको अध्ययन गरेर या संस्कृत साहित्यको जस्तै साहित्यको रचना गर्न उपयुक्त हुन्छ त ? भन्ने विषयमा विचार गर्ने हो भने जानकारीका लागि त्यसको अध्ययन गर्न जानेपछि आफ्नो लेखनमा त्यसको प्रभाव पर्नु एउटा कुरा हो तर अब मैले संस्कृतका कविहरूले जस्तै काव्य रचना गर्छु भनेर लाग्ने हो भने त्यो हास्यास्पद कुरा हुन जान्छ। अहिले संस्कृत साहित्यको अध्ययनको उपादेयता भनेको त्यसका केही सौन्दर्यपक्ष, केही सामाजिक मूल्य मान्यताहरू जुन वर्तमान समाजका लागि पनि उपयोगी हुन सक्छन्। त्यस्ता नैतिक मूल्य-मान्यताका विषयवस्तु ग्राह्य हुन सक्लान्, तर अहिलेको साहित्य पनि संस्कृत साहित्य जस्तै हुनुपर्छ भन्न थालियो भने इतिहासको गतिलाई पछाडि फर्काउनुपर्छ भने जस्तै हुने छ। त्यसै कारण कुनै पनि साहित्यलाई सोही युगको सापेक्षतामा बुझ्नुपर्दछ। प्रगतिशीलता र प्रगतिवादलाई पनि सोही युगको सन्दर्भ र त्यसैका सापेक्षतामा हेर्नुपर्दछ र केही मात्रामा उपर्युक्त साहित्यबाट आफ्नो रचनालाई अझै प्रौढ एवम् खारिएको बनाउन त्यसबाट प्रशस्त आधार लिन सकिन्छ । सौन्दर्यका नाममा "मानिसले मानिसलाई पद दलित पार्ने, स्वत्वविहीन पार्ने जस्तोसुकै साहित्य ग्राह्य नभएर हेय नै हुन्छ" र सौन्दर्यबोधका नाममा मानवद्वेषी कुनै प्रकारको साहित्यलाई ग्रहण गर्नुपर्ने बाध्यता हुनु हुँदैन, तर पनि यति कुरा त निश्चित हो कि आधुनिक विचारयुक्त साहित्य जसले मानवद्वेषी र सम्पूर्ण प्रकारका हस्तक्षेप र नियन्त्रणको औचित्य साबित गर्न खोज्ने विचार बोकेका कुनै पनि साहित्य प्रगतिवादी पनि होइनन् प्रगतिशील पनि हुँदैनन् र यदि प्रगतिवाद त्यो पनि कुन समयको प्रगतिवाद त्यसलाई युगका सापेक्षतामा हेरेर मात्र निर्क्योल गर्न सकिन्छ।

प्रगतिशीलता या प्रगतिवादलाई हेर्ने मापदण्ड भनेको आदिम साम्यवादी युगभन्दा दासयुग प्रगतिशील हो, दासयुगभन्दा सामन्तवादी युग प्रगतिशील हो, सामन्तवादी युगभन्दा पुँजीवादी युग प्रगतिशील हो, पुँजीवादी युगभन्दा समाजवादी युग हो र साम्यवादी युग पनि सुरु सुरुका चरणभन्दा पछिल्ला चरणका युगहरू नै प्रगतिशील हुन्छन् प्रगतिशीलतालाई हेर्ने विधि र मापदण्ड भनेका पनि यिनै हुन् । यो कुरा केवल समाज व्यवस्थामा मात्र नभएर दर्शन, साहित्यदेखि लिएर अन्य मानवीय सिर्जनामा पनि यथोचित रूपमा लागु हुन्छ । यी सबैको अन्तर्वस्तुमा मानिसले मानिसमाथि शोषण अत्याचार गर्ने मानवद्वेषी विचराका विरुद्ध एक मात्र मानवको प्रतिष्ठा उसैको अधिकतम विकास र उन्नति एवम् प्रगतिका लागि समर्पित रहको हुन्छ। त्यो नै सच्चा प्रगतिवादी साहित्यको लक्षण हो।

प्रगतिवाद भनेको सामान्यतया चिन्तनको अग्रगामी कदम भएको हुनाले युगअनुसार नै त्यसको प्रगतिशीलता पनि निर्धारित हुन्छ । यसरी संस्कृत साहित्यको विकासक्रमलाई हेर्दा पूर्वीय देशहरूमा आदिम साम्यवादी युगमा देखापरेको साहित्यदेखि लिएर सामन्तवादी युगको प्रतिनिधित्व गर्नेसम्मको साहित्यको विशाल रूप संस्कृत वाङ्मयमा उपलब्ध छ। जसरी समाजमा दुई विपरीत स्वार्थ भएका वर्गहरूका बिचमा वर्ग द्वन्द्व हुनु एउटा अनिवार्य नियम हो भने त्यस द्वन्द्वको अभिव्यक्ति पनि संस्कृत साहित्यमा यथार्थ रूपमा उपलब्ध छन्। आदिम साम्यवादी युगमा आम रूपमा वर्ग द्वन्द्व नभए पनि पुरानो उत्पादनका साधनहरू र नयाँ विकसित उत्पादनका साधनहरूका बिचमा द्वन्द्व रहेको कुरा सहजै रूपमा बुझ्न सकिन्छ । प्राचीनकालमा पशुपालनको अवस्थामा रहेको समाज र कृषिमा प्रवेश गरिरहेको समाजका बिचमा रहेको द्वन्द्वले आदिम साम्यवादी युगमै पनि पुरातन उत्पादन पद्धति र नयाँ खालको उत्पादन पद्धतिका बिचमा द्वन्द्व रहेको देखिन्छ। यो कुरा महाभारतको शान्ति पर्वमा उल्लिखित सुवर्चलाको आख्यानबाट स्पष्ट हुन्छ । यस्तैगरी आदि साम्यवादी युगमा प्रचलित विवाह सम्बन्धका विषयमा पनि गौतम ऋषि र जमदग्निका बिचमा घटेको घटनाद्वारा पनि पुष्टि हुन्छ । जस्तो गौतम ऋषिले आफ्नी पत्नी सुलक्षणालाई आफ्नो घरमा पाहुनालाई सन्तुष्ट पार्न आफ्नो शरीर सुम्पिएको कुरालाई गौतमले पत्नीलाई राम्रोसँग अतिथि सत्कार गरेकोमा प्रशंसा नै गर्छन् भने जमदग्निले आफ्नी पत्नी रेणुकाले चित्ररथ गन्धर्वहरूलाई जलविहार गरेको कुरा देखेकी भन्ने बुझेर आफ्नो छोरा परशुरामलाई आमा काट्न लगाउँछन् । यी दुईओटा घटनाका बिच युगीन हिसाबले लामो अन्तर भए पनि यी यस्ता प्रतिनिधि मूलक घटनाहरू हुन् जसले सिङ्गो आदिम साम्यवादी युगको वैवाहिक सम्बन्धको विकासक्रमको झलक प्रदान गर्दछन् र जुन घटनाहरू महाभारतदेखि विभिन्न पुराणहरूमा अङ्कित रहेका छन्।

वैदिक साहित्यको रचना दुई-चार या दश-बिस वर्षका बिचमा भएको होइन जसमा उल्लिखित घटनाक्रमहरूका बिचमा हजारौं वर्षको अन्तराल रहेको देखिन्छ भने त्यसको रचनाकालमा पनि एउटै अध्यायमा उल्लिखित वेदको पहिलो ऋचा र सोही सोही अध्यायको अर्को ऋचाका बिचमा पनि हजारौँ वर्षको अन्तराल देखिन्छ। जस्तो वैदिक वाङ्मयमा प्रस्तुत भएको पुरुषसूक्त जुन ऋग्वेदको दसौं मण्डलमा छ सो सूक्त फेरि यजुर्वेदको एकतिसौँ अध्यायमा पनि छ। त्यसैको पहिलो श्लोक "सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात् । सभूमिम् सर्वतस्पृत्त्वात्त्यतिष्ठद्दशाङ्गुलम्" अर्थात् हजारौँ टाउकाहरू भएको आदिम गण समाज जसका हजारौं हेर्ने आँखाहरू छन् हजारौँ पाउ र हातहरू छन् यस्ता प्रकारको शक्तिशाली विशाल गण समुदाय गणनायकका दश औंलाद्वारा नियन्त्रित छन्। अर्थात् एउटा आदिम गण समुदायलाई नियमित पार्ने र अन्य उपभोग्य सामानहरूको निर्माण गर्ने व्यक्तिहरूको उत्पदशील शक्तिलाई एउटै गणनायकको दश नङ्ग्रा खियाएको परिश्रमले नियन्त्रित गरेको हुन्छ।

उपर्युक्त सूक्तमा आदिम साम्यवादी युगको गणको संरचनाको वर्णन गरिएको छ । यसै पुरुषसूक्तको ११औं पद्यमा "ब्राह्मणोस्य मुखमासीद्बाहूराजन्यः कृतः । उरू तदस्ययद्वैश्यः पद्भ्यां शूद्रोऽअजायत" ले मुखबाट ब्राह्मण वर्ग, बाहुबाट राजन्य अर्थात् क्षेत्रीवर्ग, पेटबाट वैश्यवर्ग र खुट्टाबाट शूद्र जन्मिएको हो । यी दुई पद्यले प्रतिनिधित्व गर्ने समाज भनेको दुई अलग अलग समाज हुन् । पहिलो पद्य आदिम साम्यवादी युगको प्रतिनिधित्व गर्दछ जसमा व्यक्तिगत सम्पत्तिको कुनै ठाउँ छैन तर दोस्रो पद्यले वर्ग र जात विभाजन भएको समाजको प्रतिनिधित्व गरेको छ । व्यक्तिगत सम्पत्तिको प्रादुर्भाव भएर अनेकौं पेसा व्यवसायमा आधारित समाज पनि बनिसकेको अवस्था देखिन्छ जसमा ब्राह्मणको पेसा एक प्रकारको र क्षत्रिय, वैश्य शूद्रको पेसा भिन्दाभिन्दै प्रकारको देखिन्छ।

दुई पद्यमा वर्णित समाजहरूका बिचमा हजारौं वर्षको अन्तराल रहे पनि पछिका वेदको सम्पादनकर्ताहरूले एउटै अध्यायमा समावेश गरिदिएका हुनाले समाज विज्ञानका विषयमा थोरै पनि ज्ञान नभएकाहरूले तथानाम अर्थ लगाएर अर्थको अनर्थ पारिदिएका छन् । यसरी हामीले संस्कृत भाषामा लेखिएका ग्रन्थ सम्पदाहरूलाई समाज विज्ञानका आधारमा विश्लेषण गर्ने हो भने सिङ्गो पूर्वीय समाजको वैज्ञानिक विकासक्रमको सुस्पष्ट रेखाङ्कन गर्न सकिन्छ । समाज विज्ञानभन्दा माथि उठेर कोरा कल्पनावादी आर्षवादी दृष्टिकोणका आधारमा यसको अन्तर्वस्तु र समाज विकासक्रमलाई बुझ्न सकिँदैन।

त्यसै कारण समाजको विकास भनेको उत्पादन पद्धतिको विकास हो र आजसम्मको समाज विकासमा ५ ओटा उत्पादन पद्धति देखापरेका छन्। पहिलो आदिम साम्यवादी युग जसका ७ ओटा चरण उपचरणहरू हुन्छन्, दोस्रो दासयुगीन उत्पादन पद्धति, तेस्रो सामन्तवादी उत्पादन पद्धति, चौथो पुँजीवादी उपत्पादन पद्धति, पाँचौं समाजवादी उत्पादन पद्धति, यी नै उत्पादन पद्धतिको विकास क्रमका आधारमा दर्शन साहित्य, संस्कृति, कला, विज्ञान आदि समस्त मानव सिर्जनालाई क्रमबद्धताका आधारमा विश्लेषण र अध्ययन गर्न सकिन्छ र गर्नुपर्दछ।

खास गरेर पूर्वीय देशहरूमा विकसित दर्शनको विकासक्रम, विज्ञानको विकासक्रमदेखि लिएर स्वास्थ्य विज्ञानका क्षेत्रमा भए गरेका उन्नति एवम् प्रगतिको जानकारी प्राप्त गर्न संस्कृत वाङ्मयको ज्ञान परमावश्यक हुन्छ। वर्तमानमा विकसित दर्शन, साहित्यकला, विज्ञानका आदिमकालीन भ्रुणहरू के कस्ता थिए भन्ने कुरा बुझ्न पनि यस क्षेत्रको अध्ययन गर्न आवश्यक हुन्छ । आजसम्म पुरातनपन्थी समाज र त्यसका प्राज्ञहरूले संस्कृत भाषा साहित्य र त्यसमा वर्णित विषयवस्तुहरूको दुराग्रहपूर्ण व्याख्या विश्लेषण गरिदिएका हुनाले यसप्रति अन्य जातजातिले केवल बाहुन वर्गको र समाजका उच्च वर्गको मात्र भनेर बुझिदिएका हुनाले पनि यसप्रकारको ठुलो भ्रम सिर्जना भएको हुन सक्छ। प्राच्यविद्या विज्ञानलाई अभिव्यक्त गर्ने वाङ्मयका रूपमा संस्कृत भाषा र साहित्यलाई ग्रहण गर्न नसक्नाले पनि यसमा वर्णित विषयवस्तुलाई सबै प्रतिक्रियावादी रहेको निष्कर्ष निकालिएको हुन सक्छ।

फेरि अर्को कुरा समाज विज्ञानका दृष्टिबाट यसको मूल्याङ्कन गर्ने हो भने यसको चित्र जति राम्रो देखिन्छ त्यति नै यसको काव्यात्मक सौन्दर्य दार्शनिक महत्त्व पनि त्यति नै ठुलो रहेको छ। खाली यसको अध्ययन गरेर आत्मसात् गर्ने र यसलाई हेर्ने बुझ्ने प्रयास गर्ने हो भने 'प्राचीनतालाई नयाँको सेवामा लगाउने' भन्ने माओको सुप्रसिद्ध भनाइ आत्मसात् गर्ने हो भने पनि प्राचीन कालमा प्रतिपादन गरिएका सौन्दर्य बोधसम्बन्धी रचनाहरू दर्शनका क्षेत्रमा गरिएका अभूतपूर्व चिन्तनहरूलाई वर्तमानको सेवामा लगाउन सकिन्छ। यस्तै गरी प्राच्यविद्या विज्ञानका विधिस्वरूप मानिएका संस्कृत भाषामा लेखिएको दर्शन साहित्य र कलाका विषयमा पाश्चात्य विद्वान्हरूले भूरि भूरि प्रशंसा गरेका छन्। उनीहरूले पूर्वीय दर्शन, साहित्य र कलाका सम्बन्धमा गरेका अध्ययन पनि मननयोग्य छन्।

पूर्वीय संस्कृत वाङ्मयप्रति हेगेल (१७७०-१८३१) को भनाइ यस्तो रहेको देखिन्छ- "भारतवर्ष आर्यावर्त एउटा स्वप्न भूमि हो । यसले सधैँ मानिसको स्वप्नसुख अर्थात् जीवनभन्दा परको सपना देख्यो। त्यो नै मानवको अन्तिम लक्ष्य हो भन्यो । यसैले भारतवर्षलाई इतिहासका अरू राष्ट्रहरूभन्दा बढी सिर्जनशील बन्न सघायो। त्यसैले मिथक, पुराण कथा, धर्म, दर्शन, सङ्गीत, नृत्य र विभिन्न प्रकारका वास्तुकलाहरूले यसलाई सधैँ जीवन्त राखेका छन्।"

अर्का सुप्रसिद्ध अङ्ग्रेज विद्वान् जुन स्वयम् भाषाशास्त्री र न्यायमूर्ति सर विलियम जोन्स (१७४६-१७९४) थिए जसले इसाको दोस्रो शताब्दीमा संस्कृत साहित्यका महाकवि कालिदासद्वारा लिखित 'अभिज्ञानशाकुन्तलम्' को अङ्ग्रेजीमा अविकल अनुवाद गरेका थिए।

त्यसको अध्ययनपछि जर्मन महाकवि गेटे, जर्मन धर्मशास्त्री एवम् दार्शनिक कवि हर्डर र हेगेलहरूले पनि त्यस नाटकको मुक्तिकण्ठले प्रशंसा गरेका थिए । सर विलियम जोन्सको अङ्ग्रेजी अनुवादलाई जर्मनीका ज्यार्ज फोस्टरले जर्मनी भाषामा गरेको अनुवादलाई जर्मन महाकवि गेटेले पढिसकेपछि त्यस अभिज्ञानशाकुन्तलम्" प्रति जुन प्रतिक्रिया व्यक्त गरे त्यसको संस्कृत अनुवाद यसप्रकार रहेको देखिन्छ। जस्तो

वासन्त कुसुमं फलं च युगपद् ग्रीष्मस्य वर्षं च यद्
यच्चान्यन्मनसो रसायनमतः सत्पूर्ण सम्मोहनम्
एकीभूतमभूतपूर्वमथवा स्वर्लोक भूर्लोकयोः
ऐश्वर्य यदि वाञ्छसि प्रियसखे शाकुन्तलम् सेव्यताम् ॥

अर्थात् हे प्यारा साथीहरू हो! वसन्त ऋतुका फूलहरूको सुगन्ध र त्यसको सौन्दर्य जसले मानव मनलाई एकैचोटि सम्मोहित र तृप्ति प्रदान गर्दछ, यसका साथै भनिएको स्वर्गलोक र यस संसारमा पाइने सबै प्रकारका आनन्दहरूलाई एकैचोटि सेवन गर्न चाहन्छौं भने शाकुन्तलरूपी अमृत रसायनको सेवन गर। संस्कृत वाङ्मयप्रति मेरा धारणाहरू यी नै हुन्।

(उपाध्यायको हालै प्रकाशित पुस्तक 'जीवनका विविध आयाम'बाट साभार)

कविता

## त्रिशूली

**कविराज पौडेल**

आहा तिम्रो प्रिय भुलभुले मूल गोसाइँकुण्ड,
आयौ क्यारे गिरितल हुँदै शैलका कोख कोख,
काली भेट्ने मनभरि लियौ कि त्रिशूली अठोट ?
मर्स्याङ्दीको जलसित मिली आउँछौ देवघाट,

डाँडाकाँडा घुमफिर गरी ओर्लिंदै फाँट-फाँट,
सम्झी काली तलतिर झरिन् माइती मुक्तिनाथ,
सम्झी आफ्नै प्रिय,दिन भनी चिन्ह टेकेर धाम,
ल्याई होलिन् टलटल शिला टल्किने शालिग्राम,

तिम्रा रोके पनि पगहरू चञ्चलाचारिणीले,
डाकी लान्छिन्, तर जलपरी फेरि नारायणीले,
बोकी लाखौँ समयगतिको विम्ब आफ्नै अनादि,
लिन्छौ बग्दै भन न कसरी सिन्धुमा गै समाधि ?

खेले जस्तै चिरसमयको अन्नबाली बयेली,
हाले जस्तै वरपर यतै सभ्यताले सुसेली,
यै आस्थाको विविध-जनको धाम प्यारो बनेको,
छोई तिम्रै जल-चरणले हो त्रिवेणी बनेको,

सुन्छौ क्यारे थकित तनका दुःखका भाष्यलाई,
खेपी पीडा बगर बगरै मर्छ मान्छे नखाई ,
पोखी सारा गरिबजनको क्रोध चट्टानमाथि,
बज्रिन्छौझैँ अति अजङको शैलको खोचमाथि।

मान्छेलाई नियम गतिको सुझ्नलाई लगाऊ,,
नौला हुन्छन् प्रहर दिनकै बुझ्नलाई लगाऊ,
"संगच्छध्वम्" ध्वनि दशदिशा गुन्गुनाएर जाऊ,
कोही भेटे जड बरु सके गड्गडाएर जाऊ।

फर्की गाना कलकल बगी सृष्टिको गाउँछौँ रे,
तिम्रो यात्रा छ बगिरहने बर्सिई आउँछौँ रे,
तिम्रो फिर्ती यदि हुन सके साथमा गाउँला म,
बग्दै तिम्रा नजिक रुखका पातमा आउँला म,

ऐले जस्तो छु तर नहुँला भोलि अर्कै हुँला म,
यौटा छुट्टै अलिकति नयाँ रूपमा भेटुँला म,
फर्की आए कण कण हुँदै पूर्ण आकार पाई,
होला हाम्रो मिलन नभुली मेघ मल्लार गाई।

नाघी अग्ला हिमशिखर ती घाम ओर्लेर जाला,
तोडी घेरा बरु वदनको शक्ति निक्लेर जाला,
तिम्रा बाटाभरि तर कतै सूर्य अस्ताउँदैन,
यात्रा तिम्रो अमर छ सखे, सिन्धुमा रोकिँदैन।

दैनिक लुम्बिनी

रु.जि.हु.द.न.१३/०६३/०६४

## श्रद्धाञ्जली

**(यही माघ १३ गते प्रसिद्ध कवि, राष्ट्रियसभाका पूर्व सांसद रामचन्द्र भट्टराईको निधन भयो । कवि भट्टराईको सम्झना र श्रद्धाञ्जली स्वरुप भट्टराईको संस्मरणात्मक लेख र कविता यहाँ प्रकाशन गरिएको छ ।)**

# 'सुस्केरा'को कथा

**रामचन्द्र भट्टराई**

परालको चारपाटे, भुल्लो डसना र सिरक, सिल्टीका हँडुला-हँडुली हाँडा-भाँडा, धैंसिएको यौटा स्टोभ, प्युसा-प्युसीका भुल्लाभुल्ली, जोइ-पोईका एक-दुई जोर लुगाफाटा, थोत्रो कब्जा फुक्लेको बाकस र केही किताब बिरालाले पाठा सारे झैं सार्दै कहिले ताहाचल, कहिले बानेश्वर, कहिले ओम बहाल-चिक मुंगल टोल त कहिले डिल्ली बजार डेरा सर्ने काम खुब हुने गर्थ्यो । डेरा सर्नुको कारण कहिले समयमा घरभाडा तिर्न नसकी घरबेटीले निकालेर, बच्चाबच्चीको मलमूत्र फाल्ने ठाउँ नभएर, कहिले जँड्याहा घरवेटीको रातरातभर होहल्लाले वाक्क भएर । एकदिन डेरा सर्ने पैसा भएन । दिउँसो सामान बोकेर बजारमा हिँड्न लाज लाग्यो । बेलुकी अँधेरो भएपछि हिँड्न सक्ने जति हिँडे । नसक्नेलाई काखमा र पिठ्यूँमा बोकेर डार्लिङ साहेवनी भुराभुरी खेत्दै अघि-अघि, म सम्पादक साहेब लुगाको गुन्टा र प्लाष्टिकको बाल्टीमा खाना पकाउने भाँडा हालेर बोकी पछि-पछि ओम बहालबाट मूल सडक छल्दै डिल्ली बजार नयाँ डेरामा पुग्यौं । भोलिपल्ट एक्लै गएर बाँकी सामान त्यसैगरी ल्याएँ । पहाडमा गाउँ-बेसी गर्दा पराल र धानको धोक्राको भारी बोकेर खप्पिस भएको सम्पादकलाई आफ्नो ओढ्ने-बिछ्याउने र खाने-पकाउने सामानको भारी बोक्न खासै कठिन भएन । देशको सम्पादक र कविले पैसा नभएर भारी बोक्नु पर्दा लाज मलाई लागेन । यो देशको तत्कालीन सामन्ती पञ्चायती सत्तालाई लाग्यो कि लागेन ? आकाशका टिमटिमे ताराहरू मलाई हेरेर चिम्-चिम् गरिरहेका थिए ।

एक साँझ डेरामा आउँदा जँड्याहा घरपटी व्हिस्कीको बोतल हातमा लिएर म बस्ने गरेको कोठाको ढोकानेर के-के बर्बराउँदै बसिरहेको थियो । ऊ हरदिन हरराता टिल्ल पर्थ्यो र राजालाई भक्कुमार गाली गर्थ्यो । भन्थ्यो - "वीरे चोर ! देशलाई खाइस्, म ओभर सियरलाई पनि खाइस् !" ऊ सडक विभागमा सिनियर ओभरसियर थियो । मुस्किलले नखाएको बेलामा त्यस घरका परिवारभरिको जाती मान्छे थियो, कुरा प्रगतिशील गर्थ्यो । त्यस साँझ घरमा कुन्नि के भएछ, त्यस साँझ बढी मात्तिएर बसिरहेको थियो । मलाई देख्नासाथ ह्विस्कीको हाफ बोतल खोलेर ठाडो घाँटी गराई बोतलैबाट घटघटी पानी झैँ रक्सी तन्कायो र भन्यो - "भाडा चाहियो !" मैले तीन महिनाको भाडा बुझाएको थिइनँ । ठाडै गोडा फर्केर बागबजार एक जना सहायक प्राध्यापक चिरञ्जीवी गौतमको डेरामा गएँ र आफ्नो परिस्थिति जस्ताको तस्तै बताएँ । उसै दिन तलब बुझेर ल्याएको पैसा खल्तीमा रहेछ, खुरुक्कै झिकेर दिए र भने - "सक्दा दिनू ।" म भावविभोर भएर उनको अनुहारलाई एक टक हेरिरहेँ, बोल्न सकिनँ । उनले भने - "तँ कम्युनिष्ट भए पनि जनताको लागि लेख्ने कवि होस्, लैजा र घरभाडा बुझा !"

त्यसका भोलि या पर्सिपल्ट मोदनाथ प्रश्रित र जीवराज आश्रित भूमिगत रूपमा आउनु भो । हामी गहुँको पिठाको खोले पकाएर खाँदै थियौं । त्यो देखेर कमरेड जीवराज 'आश्रित' ले भन्नु भो - "तपाईं कतै जागिर खानुस् ! परिवारलाई यो आपत्मा नपार्नुस् !" तर पनि जागिरलाई उहिले नै लात मारिसकेको मेरो स्वाभिमानले पञ्चायती नोकरशाही तन्त्रमा मुन्टो झुकाउन दिएन । जिन्दगीको गाडी उसैगरी कहिले दुर्घटनाबाट बल्ल बल्ल बँच्दै, कहिले मन्द गतिमा अगाडि बढ्दै गयो ।

यस बिचमा म कैयौं पटक काठमाडौं -बनारस गरिसकेको थिएँ । कमरेड पुष्पलालसँगको संगतले मेरो राजनैतिक चेतनाको दियोमा तेल थपिँदै थियो । साहित्यिक र राजनैतिक पुस्तकहरूको अध्ययनले पनि मस्तिष्क रूपी पालामा तेल भरिँदै थियो । कवि युद्धप्रसाद मिश्रको अध्यक्षतामा नेपाली जनवादी क्रान्तिकारी सांस्कृतिक संघ, केन्द्रीय समितिको गठन भयो, जसमा महासचिव मोदनाथ प्रश्रित तथा सदस्यहरूमा मदन भण्डारी, जीवराज आश्रित, दिल साहनी, बोधराज काफ्ले म रामचन्द्र भट्टराई आदि सदस्य थियौं । मोर्चाले "मुक्ति मोर्चा" नामक मुखपत्र निकाल्न थाल्यो । म काठमाडौंबाट 'सुस्केरा' निकाल्दै थिएँ । 'मुक्तिमोर्चा'मा वनारसबाट गैरकानुनी क्रान्तिकारी रचना छापिन्थे र गुप्त रूपमा देशभित्र तिनको वितरण हुन्थ्यो । 'सुस्केरा' मा प्रगतिशील बैध साहित्यिक रचना छापिन्थे र खुल्ला बजारमा पत्रिका खुल्लम् खुल्ला बिक्रीमा जान्थ्यो । त्यसमा कहिले गुरुङको नामबाट पुष्पलाल, कहिले सुदर्शनको नामबाट मोदनाथ प्रश्रित, कहिले विकल ज्ञवालीको नामबाट एकदेव ज्ञवाली त कहिले कैलाशको नामबाट गोविन्द ज्ञवाली आदिका लेख-कविता छापिन्थे । प्रशासनले कहिले कालो पोताउँथ्यो, कहिले पाना नै च्यात्न लगाउँथ्यो, तर सुस्केरा निस्कन्थ्यो ।

एक्कासी हावा चल्यो - दर्ता नभएका साहित्यिक सामयिक संकलन बन्द हुँदैछन् । म बडो चिन्तामा परेँ । सोँचे -कसकहाँ जाऊँ ? निकै बेरको विचार मन्थनपछि कमलराज रेग्मी कहाँ जाने अठोट गरेँ । एक त उहाँ मेरो आफ्नै जिल्लाका पाल्पाली, दोस्रो पाल्पाका एक जमानाका कम्युनिष्ट नेता, कुनै जमानाका पुष्पलालका केन्द्रीय कार्यकर्ता र साहित्यिक पनि । वर्तमान अवस्थामा पञ्चायतका वरिष्ठ नेता ! निशाना पक्कै पनि ठीक ठाउँमा लागेको सोँच । तर जाने कसरी ? एक दुई पटक सामान्य चिनजान मात्र भएको भरमा मेरो बोली गोली लागेझैँ लाग्ला र ? कोसँग जाऊँ ? कसरी जाऊँ ? प्रश्नै-प्रश्नले केही बेर अनुत्तरित भएँ । तर हिम्मत हारिनँ र सरासर उहाँको अफिसमा गएँ । त्यो बखत उहाँ गाऊँ फर्कका उपाध्यक्ष हुनुहुन्थ्यो । पालेलाई चिट दिएँ - "रामचन्द्र भट्टराई ।" बस्ने जवाफ आयो । एकछिन् पछि अध्यक्ष विश्वबन्धु थापा निस्के । पालेले इशाराले भित्र जान भन्यो । सरासर गएर नमस्कार गरेँ । आफ्नो पाल्पाली परिचय दिएँ । नातो पनि पर्दो रहेछ । आफ्नो समस्या बताएँ । फेरि भेट्ने समय दिनुभो । फेरिको भेटमा सँगै मोटरमा राखेर सञ्चार मन्त्री कहाँ लैजानु भो । मलाई बाहिर बस्न भनेर आफूभित्र मन्त्रीलाई भेट्न जानु भो । पछि भित्र बोलाउनु भो र त्यहीँ लेखी 'सुस्केरा' दर्ताको लागि आवेदन पत्र मन्त्रीलाई दिएँ । त्यसपछि कैयौं पटक उहाँले मन्त्रीलाई, मन्त्रीले सचिवलाई, सचिवले सूचना विभागको डाइरेक्टरलाई, डाइरेक्टरले प्रेस सम्पर्क शाखाको डेपुटी डाइरेक्टर, उसले सेक्सन अफिसर, सेक्सन अफिसरले नासु, नासुले खरिदार र खरिदारले दर्ता चलानीको बहिदारलाई भनेपछि कैयौदिन पछि मन्त्रीको टिप्पणी उठाउनु भनी तोक आदेश भएको मेरो आवेदन पत्ता लाग्यो । खरिदारदेखि हात जोड्दै मन्त्रीसम्म, मन्त्रीदेखि हात जोड्दै खरिदार बहिदारसम्म, घरी तल ओर्लन्छु, घरी माथि चढ्छु, ठ्याक्कै महिना दिन बिते । अन्त्यमा मन्त्री झोँक्किएर सूचनाको डाइरेक्टरलाई हपार्नसम्म हपारेपछि बल्ल-बल्ल फाइल उकालो चढ्यो र मन्त्रीको टेबुलमा पुग्यो । मन्त्रीबाट सदर भई तल झरेको फाइलको, सदर भएका १५ दिनपछि बल्ल सूचना विभागले अञ्चलाधीश कार्यालयलाई बोधार्थ दिँदै प्र.जि.अ. कार्यालयलाई पत्र लेख्यो । एक-डेढ महिना पहिले सुदर्शन उर्फ मोदनाथ प्रश्रितको लेख - "जनताको संस्कृति निर्माण गर्ने सवाल"लाई आफैँले टेबुलमा च्यातचुत पारेर बडो मुस्किलले बजारमा वितरण गर्ने अनुमति दिएको 'सुस्केरा' लाई दिमागबाट त्यसको सनक नहट्दै दर्ता प्रमाणपत्र दिने सूचनाको चिट्ठी उसको टेबुलमा पुग्दा प्र.जि.अ. ले आफ्नो घुम्ने कुर्सीलाई एक पटक जोडसित घुमायो । नदिई सुख्खै थिएन । अत्तो थाप्न रु ५ हजार धरौटी राख्ने शर्त राख्यो । मैले भनेँ - "म गरिबलाई ५ हजार धरौटी राख्ने भनेको दिन्न भनेको हो, मेरो कुनै उपाय छैन । कवि घटराज भट्टराई उसका सहायक कर्मचारी हुनुहुन्थ्यो । उहाँले प्र.जि.अ.लाई सम्झाई-बुझाई गरी इजाजत पत्र दिलाइदिनु भो । नहोला कि त्यसका थोरै दिनपछि पञ्चायती तानाशाही सरकारले सयौं साहित्यिक सामयिक संकलन बन्द गर्‍यो । यो २०२९ सालको कुरो थियो । कमलराज रेग्मीका कतिपय रचना 'सुस्केरा'मा माइलदाइको नामबाट छापिएका छन् ।

(भट्टराईको आत्मसंस्मरणात्मक कृति 'इतिहासको डालीमा'बाट साभार)

## आगो हो जिन्दगी

**रामचन्द्र भट्टराई**

गर्भे बालकको पैले जन्मदा द्वन्द्व गर्दछ
जन्मने बित्तिकै दूध प्यूँन त्यो द्वन्द्व गर्दछ
द्वन्द्व हो जिन्दगी हाम्रो शरीरभित्र द्वन्द्व छ
विश्व-ब्रम्हाण्डका सारा पदार्थभित्र द्वन्द्व छ

आगो हो जिन्दगी चिसो हुँदैन बरु निभ्दछ
सानो फिलिंगो आगोले डढेलो लाग्न सक्दछ
हुक्का-चिलिम यो फ्याङ्लो सर्कार जल्न सक्दछ
रक्षाकवच लाएको दर्बार ढल्न सक्दछ

जिन्दगी जब हो जेसुकै हुनसक्दछ
क्षभंगुर यो चोला मर्न या मिट्न सक्दछ
देशका निम्ति जो मर्छ उसैले देश राख्दछ
बाँचेर मर्नुभन्दा त मरेर बाँच्नु बेस छ

## निबन्ध

# घाउ र इरेजर

**रोशन शेरचन**

एके दिन इरेजरले सिसाकलमको लेखोट मेटाइरहेको थिएँ । मेटाइसकेपछि पाना पूर्ववत सफा सेतो भएको थियो । लाग्दै लाग्दैनथ्यो- अगिसम्म त्यहाँ केही लेखिएको होस् । अनायासै सम्झेँ- त्यस्तै मान्छेको घाउ मेटाउने इरेजर पनि भैदिए, कस्तो हुन्थ्यो होला ।

मान्छे घाउमुक्त कहाँ छ र ? मान्छेका शरीरका घाउहरू त आधुनिक चिकित्सा विज्ञानले निको पारिरहेको नै छ । पार्ला पनि । तर आन्तरिक घाउहरू पनि हुन्छन्, मान्छेका । मान्छेका आन्तरिक घाउहरू मेटाउने इरेजर हुन्छन् ? मान्छेका आन्तरिक घाउहरू कहाँ हुन्छन् ? कस्ता हुन्छन् ? मनमा, मस्तिष्कमा वा अन्त ? आन्तरिक घाउ मेटाउने इरेजर के के हुन ? लागूपदार्थ, कला, साहित्य, संगीत, ईश्वर, यौन वा अन्य ?

विश्वासले घर गरेकै हो- आन्तरिक घाउहरू मेटाउन सकिन्छ, तर कागजको विपरीत त्यहाँ मेटाएका दागहरू देखिन्छन् । किन अदृश्य दाग स्मृति बनेर दुखिरहन्छ ? र समय असमय पीडा प्रक्षेप गरिरहन्छ ?

ढाँट्नु हुँदैन- घाउलाई बिर्सन नै कविता लेखे । सुरु भने रहरमै भएको थियो । सायद सबैले रहरै सुरु गर्छन् । लेखिसकेपछि बल्ल उसले चाल पाउँछ, कवितामा रहरहरू सस्ता र सजिला हुँदैनन् । बरु महंगा हुन्छन् । सजिला हुँदैनन् भन्ने बोधको प्रारम्भसंगै चेतनाको पीडको पनिजन्म हुन्छ । कविता लेख्दै गएपछि साहचर्यमा अरु कविहरू पनि भेटिन्छ, घाउहरू आफ्नै तरिकाले मेटाउन प्रयत्नरत कविहरू । घाउहरू प्रेमका मात्र हुँदैनन् । ऐकान्तिकताका पनि हुन्छ । पश्चतापका, ग्लानिका पनि हुन्छन् । सायद मेरो घाउ कवि ऐकान्तिकताको नजिक छन् । सोंच्दै जाँदा, एक दिन विचार स्फुरण भएको हो, कवितालाई इरेजर बनाउने योजना कति कति दिगो छ ? कति प्रभावकारी छ ? कविताको निर्माण प्रक्रियामा डुब्दासम्म घाउहरू बिर्सने । कविता सृजनापश्चात् झन् चहर्‍याएर दुख्ने । कविता गहिरो ऐतिहासिक घाउ भएकोले होला त्यसको अगाडि साना घाउहरू नदुख्ने । पछि सोंचे- बिर्सने प्रयास सफल हुँदैन तसर्थ घाउहरू मेटाउन घाउ लाग्नुकै कारणलाई सम्बोधन गर्नु जरुरी छ । बिर्सने प्रयत्नस्वरुप लेखिएको कविता घाउजन्य पीडाको सृजनात्मक व्यवस्थापनमात्र हुनसक्छ, पीडाको अन्त्य हुन सक्दैन । अन्तरदृष्टिजस्तो भेटेको थिएँ ।

यी इरेजरहरू अर्थात् लागूपदार्थ, कला, साहित्य, संगीत, ईश्वर र यौन छिमेकीहरू हुन् । छिमेकी भएकोले एकआपसमा यिनीहरूसम्बन्ध राख्छन् । मलाई थाहा छ- लागूपदार्थ खाएर यौन खोज्नेहरू थुप्रै छन् । कला, साहित्य, संगीत सृजना गर्नेहरू थुप्रै छन् । र, ईश्वरको भक्तिमा आफैलाई बिर्सिएर रम्नेहरू थुप्रै छन् । मलाई थाहा छ- यौन विषयमा कला, साहित्य, संगीत सृजना गर्नेहरू अनेकौं छन् । त्यसरी नै यौनलाई ईश्वरीय आनन्द मान्नेहरू पनि । यी विषयहरूको चर्चा विषद हुन सक्छ । र त्यो विषदताको वैचारिक जंगलमा हराउने भय पनि उत्तिकै छ । मेरो अनुमानमा-इरेजरहरू आन्तरिक घाउ मेटाउने प्रयासमा एकदिन सकिनेछ र श्रापित मान्छेहरू अर्को इरेजरको आविष्कारमा हतार हतार, हतास हतास लागिपर्नेछन् । किन घाउभन्दा बाहिर कविता बाँच्न सक्दैन ? के म घाउरहित कविता लेख्न सकुँला ? के यो सिद्धान्ततः सम्भव छ ?

त्यो दिन मैले आफुभित्रको पर्खाललाई भत्काउने इमानदार प्रयास गरे । सर्वप्रथम त त्यो पर्खाल हो भनेर ठम्याउनै मलाई ठूलो मेहनर्तु पर्‍यो । त्यसले अहिलेसम्मको वैचारिक केन्द्रलाई नै ध्वस्त बनाउने भय थियो । आत्मस्विकरण सायद सबभन्दा कठिन हुन्छ । पर्खाल देखिएपछि त भत्काउने प्रयासमा खासै साहस नचाहिने रहेछ । बरु बोध दुष्कर र पीडादायी हुँदो रहेछ । पहिलोपटक भनिरहेको छु-द्वन्द्वात्मक भौतिकवादप्रति मेरो विश्वास बढी रहेको छ । बर्षौको निहिलिष्ट अराजक जीवन भोगाइएपछि अनुभूति गर्न थालको छु- द्वन्द्वात्मक भौतिकवादको विज्ञान सम्मत् चेतना र मानवीयताको । त्यो दिन आफ्नै वैयक्तिकतालाई आफैँले घिसार्दै समाज सामु लगे । त्यही दिनदेखि मेरा रचनाहरूमा सामाजिकता आउन थालेको हो । दर्शन चिन्तन जग हो, साहित्य सृजन तल्ला हो भन्ने त्यो दिन महशुस भएको हो । मैले आफुलाई विचारयात्राको यो विन्दुमा उभ्याएर यो कुरा भन्नैपर्छ । हिजोसम्म म अधिभौतिकतामा (Metaphysics) विश्वास गर्थें । विश्वासकै कारणले हिजोसम्म मेरो निम्ति अधिभौतिकता यथार्य थियो । आज छैन । । म Seeing is believing eGbf Believing is seeing मा विश्वास गर्छु । अधिभौतिकतामा विश्वास नगर्ने प्रक्रियालाई मैले आग्रह भनेको छु । वैचारिक आस्थामा आएको त्यो परिवर्तन मेरो आग्रह हो । आग्रह पूर्वाग्रह नबनुन् भन्नेमा म सचेत छु । आग्रहको सापेक्षमा संसार निर्माण हुँदोरहेछ । त्यो तथ्यसँग म परिचित छु । र मेरो विगतको अनुभवले त्यो पुष्टि पनि भएको छ ।

आजभोलि त कविता भनेकै कलात्मक आग्रह लाग्छ । आग्रहमा कति पूर्वाग्रह हुन्छन् ? प्रश्न त छँदैछ । निश्चय नै मेरो आग्रह तटस्थ छैन । तर त्यसले बढी भन्दा बढी स्वतन्त्रतापूर्वक सञ्चालन हुनुपर्छ भन्नेमा मेरो गहिरो विश्वास छ । कवितामा विचार खोज्ने भएकोले म चाहन्छु मेरो कविता पनि वैचारिकताको आधारमा स्पष्ट छुट्टियुन । मेरो कविता धर्मभन्दा फरक छ । यसले ईश्वरको स्थानमा कसैलाई थापना गरेर जप सुरु गर्दैन । पक्षधरतामा विश्वास गर्ने भएकोले मेरो कविताको आग्रहले घाउलाई विस्तारै मन नपराउन थालेको छ । म घाउजन्य पीडाहरू आमन्त्रण गर्न चाहँदिन । म घाउबाट सञ्चो भएको अनुभव गर्न चाहन्छु । अझ स्वस्थ्य भएको महशुस गर्न चाहन्छु । त्यो स्थिती प्राप्त गर्न मैले आफूलाई ढाँट्नु हुँदैन । जुन दिनसम्म मैले घाउ भएको कविता लेखिरहन्छु, त्यस दिनसम्म मैले आफैँलाई ढाँटिरहेको हुनेछु ।

नयाँ समयको अवतारमा उभिएर सबैलाई सुनाउन मन लाग्छ । म घामका कविता लेख्न चाहन्छु- उज्यालो । म पहाडको कविता लेख्न चाहन्छु- अटल । म हिमालका कविता लेख्न चाहन्छु- शूभ्र, स्निग्ध । म तराईको कविता लेख्न चाहन्छु- फराकिलो । म चराका कविताहरू लेख्न चाहन्छु- निर्वन्ध । म ताराका कविताहरू लेख्न चाहन्छु- चम्किलो । म समुन्द्रका कविता लेख्न चाहन्छु- विराट । म आकाशका कविता लेख्न चाहन्छु- अनन्त । म पीडामुक्त हनु होइन, पीडामुक्त भएर कविता लेखन चाहन्छु । म चाहन्छु- मेरो कविताले पाठकहरूलाई आशावादिता प्रक्षेप गरुन्, पीडाहरू होइन । म प्रयत्नरत छु, कवितालाई दुःखका गीत मात्र होइन प्रेमको गीत पनि बनाउन ।

मैले व्यवस्थापनको स्वअध्ययन गरेको छु । साहित्यमा कलासहित व्यवस्थापन पनि देख्छु । कलामाथि व्यवस्थापनको आक्रमण पनि भन्ला कसैले । साहित्यको रचना प्रक्रियामा, सुचनाहरू, ज्ञानहरू, अनुभवहरू (जसलाई हामी साहित्यको कच्चा पदार्थ भन्छौँ) व्यवस्थापन गर्न नजाने साहित्यको सृजना नै हुँदैन भन्छु । व्यवस्थापनको विद्यार्थी भएको हुनाले म व्यवस्थामा विश्वास गर्छु । स्वफूरणमा मेरो विश्वास छैन । वैज्ञानिक तथ्य के छ कुन्नि ? मलाई त स्वःफुर्तता हुन्छ जस्तो लाग्दैन । यी मलाई अवचेतन मस्तिष्ककै उपज लाग्छ, जसलाई हाम्रा चेतन मस्तिष्कले स्पष्ट व्याख्या गर्न सक्दैन । रहस्यहरू छैन भन्दिनँ, बरु रहस्यहरू रहस्यमय छैन भन्छु । एक दिन रहस्यहरू विज्ञानमार्फत् उघ्रिन्छ भन्छु । विज्ञानको शक्तिमा विश्वास गर्ने भएकोले ऋषिमुनिझैँ शून्यमा लिन हुन सक्दिनँ । स्वःस्फूर्त कविता मात्र कविता हुने भए, संरक्षण कविता यात्राका दौरान लेखिएका कविताहरू कविता होइनन् । प्रश्न अपेक्षित छ नै । कविता लेख्न प्रयत्न गरिनु स्वभाविक हो भने, कवितामा योजना अस्वाभाविक होइन । त्यसैले व्यवस्थापन पनि । त्यही योजना मेरो विचारमा आग्रह हो । म त कविता अभ्यास पनि हो भन्छु । तर कवितात्मक चेत नभएको व्यक्तिले मेहनतकै भरमा कविता लेख्छु भनेर पार लाग्दैन । कवितात्मक चेत सम्पन्न व्यक्तिले मेहनत गरेर, अभ्यास गरेर कविता लेख्नु र कोरा मान्छेले मेहनत गरेर कविता सृजना गर्नुमा ठूलो अन्तर छ ।

मैले प्रथम कवितासंग्रह शब्दहरूको देशको भूमिकामा लेखे "कविता मेरो निम्ति आत्मनिस्सारताको मृत्यु हो ।" मृतप्राय आत्मनिस्सारताको लाशमा उभिएर आज भन्दैछु, कविता मेरो निम्ति कलात्मक आग्रह हो । म हरेक व्यक्ति हुन सक्दिनँ । चाहदिन पनि । म आफैँ हुनुपर्छ । म आफैँ हुँदा मात्र अन्यबाट छुट्टिन्छ । छुट्टिनु नै त परिचय हो । निजत्व हो । छुट्याउने नै आग्रह र विचारले हो । म पीडामुक्त हुन होइन पीडामुक्त भएर कविता लेख्न चाहन्छु भन्नु आग्रह हो । उज्यालोको यात्रातिर अग्रसर हुनुपर्छ सोच्नु, पनि आग्रह नै हो । तमोसमा् ज्योर्तिगमय, तमोसमा ज्योर्तिगमय । त्यस दिन इरेजरले सिसाकलमको लेखोट नमेटाएको भए यति कुरा मनमा खेल्दै खेल्दैनथ्यो । यति सोचिदै सोचिदैनथ्यो । यति लेखिदै लेखिदैनथ्यो ।

(साभारः 'मस्तिष्कहरूको मृत्यु')

**राजस्वमा...**

प्रतिनिधिसभा र राष्ट्रियसभ निर्वाचन व्यवस्थापनमा केन्द्रित स्रोत सहमति र निकासालाई मन्त्रालयले प्राथमिकता दिएको देखिन्छ । आगामी फागुन २१ का लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगलाई गत कात्तिक १८ मा चार अर्ब ९६ करोड ६६ लाख र गत मङ्सिर २० मा थप एक अर्ब ७७ करोड ९० हजार गरी कुल ६ अर्ब ७३ करोड ६६ लाख ९० हजार बराबरको स्रोत सहमति प्रदान गरिएको छ ।

यसैगरी, राष्ट्रिय अनुसन्धान विभागलाई दुई करोड ८० लाख र नेपाली सेनालाई सुरक्षा उपकरण खरिदका लागि चार करोड ४२ लाख ५० हजार बराबर स्रोत सहमति दिइएको छ । गृह मन्त्रालय तथा अन्तर्गतका निकायलाई प्रतिनिधिसभा निर्वाचनका लागि १० अर्ब ३९ करोड ३४ लाख ८० हजार बराबरको स्रोत सहमति प्रदान गरिएको छ भने नेपाली सेनालाई निर्वाचनकै लागि चालु खर्चतर्फ एक अर्ब ९४ करोड ६८ लाख ५५ हजारको स्रोत सहमति दिइएको छ ।

यस्तै, राष्ट्रियसभा सदस्य पदको निर्वाचनका लागि निर्वाचन आयोगलाई चार करोड ३१ लाख ७९ हजार स्रोत सहमति प्रदान भई उक्त रकम निकाससमेत भइसकेको छ । प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन आयोगलाई गत पुस मसान्तसम्ममा कूल छ अर्ब ३१ करोड निकासा गरिएको मन्त्रालयले जनाएको छ ।

राजस्व व्यवस्थापनतर्फ सबै भन्सार कार्यालयमा 'ग्याट भ्यालुएसन' प्रणालीको पूर्ण पालना सुनिश्चित गर्न अनलाइन मूल्याङ्कन प्रणाली प्रारम्भ गरिएको जनाइएको छ । यस अवधिमा नेपाल-मौरिसस दोहोरो करमुक्ति सम्झौतासम्बन्धी विवाद समाधान गर्दै डोल्मा इम्प्याक्ट फण्डको पुँजीगत लाभमा करकट्टीको द्विविधा सम्बोधन गरिएको छ ।

यसैगरी, नेपाल-मौरिससबीचको दोहोरो करमुक्ति सम्झौता खारेज गरिएको र आयकर ऐन, २०५८ लागू हुनुअघि सम्पन्न सम्झौताबारे कूटनीतिक माध्यमबाट जानकारी गराइएको जनाइएको छ ।

भन्सार ऐन, २०८२ कार्यान्वयनमा ल्याइँदै भन्सार नियमावली, २०८२ को मस्यौदा कानुन मन्त्रालयमा पठाइएको छ । भन्सार व्यवस्थापन गोष्ठी सम्पन्न गर्नुका साथै उच्चस्तरीय केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको मासिक बैठकमार्फत राजस्व चुहावट नियन्त्रणमा बहुपक्षीय समन्वय गरिएको छ ।

सेवा प्रवाहमा गुनासो व्यवस्थापन प्रणाली विकास गरिएको तथा हेलो सरकारलगायत माध्यमबाट प्राप्त गुनासो निरन्तर सम्बोधन गरिएको मन्त्रालयले जनाएको छ । यस्तै, गैरकर राजस्वका दर परिमार्जनमा विभिन्न निकायलाई सहमति प्रदान गरिएको छ । सार्वजनिक सेवा प्रवाहका कागजातमा आय टिकटको सट्टा हुलाक टिकट टाँस्ने व्यवस्था हटाइएको छ । सिरहाको रामकुमार शारदा उमाप्रसाद मुरारका अस्पतालको व्यक्तिका नाममा रहेको जग्गा निःशुल्क हस्तान्तरणका लागि पुँजीगत लाभकर छुट दिने निर्णय पनि यस अवधिको भएको प्रतिवेदनमा जनाइएको छ ।

कानुन तथा फैसला कार्यान्वयनतर्फ वैकल्पिक विकास वित्त परिचालन ऐन, २०८१ सङ्घीय संसद्मा दर्ता गराएको छ । भुक्तानी तथा फछ्र्यौट ऐन संशोधन, भन्सार नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, बहुवर्षीय आयोजनाको स्रोत सहमति मापदण्ड र सम्पत्ति शुद्धीकरण निवारण नियमावली स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशित गरिएका छन् ।

यसैगरी मन्त्रालय विपक्षी भएका विभिन्न ५८ वटा रिट निवेदनमा लिखित जवाफ तयारी र प्रतिरक्षा गरिएको जनाइएको छ । एमसिसी कम्प्याक्टअन्तर्गतका कम्पनीलाई आयकर छुट, विभिन्न राजस्व छुटसम्बन्धी सूचना, नगद कारोबार सीमा निर्धारण, विदेशी मुद्रा निकासी-पैठारी प्रतिबन्धलगायत सूचना नेपाल राजपत्रमार्फत् सार्वजनिक गरिएको र अदालतका २६ वटा आदेश तथा फैसलाको कार्यान्वयनका लागि सम्बन्धित निकायमा पत्राचार गरिएको जनाइएको छ ।

वित्तीय सङ्घीयता सुदृढीकरणतर्फ तेस्रो राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति कार्यान्वयनका लागि सबै तहका सरकारलाई पत्राचार गरिएको छ । अनुत्पादक खर्च कटौती, मितव्ययिता र आयोजना पुनःप्राथमिकीकरणसम्बन्धी मन्त्रिपरिषद् निर्णय स्थानीय तहसम्म कार्यान्वयनका लागि पठाइएको छ भने अन्तरसरकारी वित्त परिषद्को बैठकबाट २३ वटा निर्णय कार्यान्वयनका लागि पठाइएका छन् ।

यसैगरी, अर्थ मन्त्रालयले पछिल्लो छ महिनामा संविधानविपरीत स्थानीय तहले ढुवानीमा कर असुल नगर्न निर्देशन दिएको छ भने प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट परिमार्जनसम्बन्धी प्रस्तावमा छलफल गरेको छ । सार्वजनिक वित्तीय व्यवस्थापन सुधार निर्देशिका संशोधन र निर्देशक समितिको बैठक सम्पन्न गरेको छ । वित्तीय क्षेत्र विकास रणनीति २०८२/८३-२०८६/८७ मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ । पाँच लाख रूपैयाँभन्दा माथिको नगद कारोबारमा प्रतिबन्ध, भारतीय मुद्रा आवतजावत सीमा परिमार्जन, नेप्से पुनःसंरचना समिति गठन, पुँजी बजार सुधार प्रतिवेदन कार्यान्वयन, सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानबापत रू नौ अर्ब ८० करोड निकासाजस्ता निर्णय कार्यान्वयनमा आएको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै, विगुल र हेलो सरकारमार्फत प्राप्त ९१ गुनासो फछ्र्यौट गरिएको, वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको मासिक प्रगति प्रणालीमा अद्यावधिक गरिएको, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणबाट ३२३ दरबन्दी कटौती भई २२ करोड बराबर दायित्व बचत र बेरूजु फछ्र्यौटमा ६ दशमलव ४ प्रतिशत प्रगति देखिएको मन्त्रालयले जनाएको छ ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

राष्ट्रिय जनमुक्ति पार्टीको घोषणापत्र :

# व्यक्ति नभई दलका एजेण्डामा वहस र संविधान पुनर्लेखन मुख्य एजेण्डा



बुटवल । राष्ट्रिय जनमुक्ति पार्टीले आसन्न फागुन २१ गतेको लागि तय भएको प्रतिनिधि सभा सदस्यको निर्वाको घोषणापत्र सार्वजनिक गरेको छ । रूपन्देहीको मंगलापुरस्थित पार्टी केन्द्रीय कार्यालयमा पार्टी अध्यक्ष केशवबहादुर थापा र महासचिव टोप अस्लामीलगायतका नेताले चुनावी घोषणापत्र सार्वजनिक गरेका हुन् ।

घोषणापत्रमा हालको संविधान अनुसारको संघीय मोडल र निर्वाचन प्रणाली त्रुटिपूर्ण रहेकाले शक्तिशाली राज्य पुनर्संरचना आयोग गठन गरी त्यसले सुझाए बमोजिमको संघीय मोडलमा जानुपर्ने र दलहरूबिच सहमतिका आधारमा संविधान पुनर्लेखन गर्नुपर्ने विषय प्राथमिकतामा छ ।

जेनजी आन्दोलनपछि मध्यावधी चुनाव हुन लागेपनि संविधान संशोधन वा पुनर्लेखन नभई चुनावले मात्र देशलाई निकास नदिने सो पार्टीको ठहर छ ।

केन्द्रीय तहमा राष्ट्रपति रहने व्यवस्थाभन्दा क्लस्टरमा आधारित संसदले चुन्ने राष्ट्रपति मण्डल उपयुक्त हुने र कार्यकारी प्रधानमन्त्री प्रत्यक्ष निर्वाचित हुने, मन्त्री मण्डल सांसद र गैर सांसद दुबैबाट बनाउन सकिने व्यवस्था उचित हुने र प्रदेश मुख्यमन्त्रीको प्रत्यक्ष निर्वाचित हुनुपर्ने घोषणापत्रमा उल्लेख छ ।

अहिलेको निर्वाचन प्रणालीले कुनै दलको वहुमत नआउने भएकाले संसदमा प्रतिनिधित्व गर्ने सबै दलबिच सहमति र सहकार्य गरेर अघि बढ्नुपर्ने पार्टीका अध्यक्ष केशवबहादुर थापाले बताए ।

रास्वपा र प्रधानमन्त्रीका उम्मेदवार बालेन शाहप्रति इंगित गर्दै अध्यक्ष थापाले चुनावको मुखमा एजेण्डामा वहस हुनुको साटो अमूक पात्र र उसका गतिविधिबारे वहस हुने अवस्था आएको टिप्पणी गर्दै दलका विचार, एजेण्डा, नीति र कार्यक्रममा वहस गरेर त्यसका आधारमा मतदानमा सहभागी हुन आग्रह गरे । 'अहिले कुनै एक पात्रको बारेमा चर्चा र वहस भइरहेको अवस्था छ, यसले देशलाई ठीक दिशामा लैजान्न, दलहरूका विचार, एजेण्डा, नीति र कार्यक्रममाथि वहस हुनुपर्छ, आम मतदातालाई प्रष्ट पार्नुपर्छ ।'-थापाले भने ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुधार्मिक विशेषता भएको मूलुक भएकोले राज्यका निकायमा सबैको प्रतिनिधित्वसहितको शासन आवश्यक भएको घोषणापत्रमा उल्लेख छ ।

नेपालमा कुशासन, गरिबी, बेरोजगारी, परनिर्भरता र नागरिकहरू विदेश पलायनको अवस्थाको मूल कारण भ्रष्टाचार रहेको हालसम्मका सबै भ्रष्टाचारको छानबिन गरी ठहर भएकालाई देशद्रोही घोषणा र तिनीहरूको सम्पत्ति राष्ट्रियकरण गरिनुपर्ने सो पार्टीको प्रतिबद्धता छ ।

नागरिकता परित्याग गरेको अवस्थामा बाहेक कुनै पनि नेपालीको नागरिकता खारेज गरिन नहुने, औद्योगीकरणमा मौलिक मोडेल अपनाई नेपालमै पाइने कच्चा पदार्थमा आधारित उद्योग धन्दाको विकास पहिलो प्राथमिकता, निर्यातमूलक उद्योगलाई लगानी प्रोत्साहन र सुरक्षा सुनिश्चित गरी आत्मनिर्भर र निर्यातमूलक औद्योगिक विकास गरिनुपर्ने सो पार्टीको प्रतिबद्धता छ ।

नेपालमा सबै क्षेत्रमा लगानी र खर्चको लागि वैदेशिक ऋण भित्राउने परिपाटीले मुलुकलाई गम्भीर संकटतर्फ धकेलेको ठहर गर्दै पार्टीले अनुत्पादक कार्य वा खर्च प्रयोजनका लागि वैदेशिक ऋण लिने कार्यलाई निरूत्साहित गर्ने, उत्पादनजन्य र प्रतिफल दिने परियोजनाहरूको लागि सरकार, उद्यमी र नागरिकको समान लगानी रहने त्रिपक्षीय अर्थ प्रणालीको मोडेल लागु गरिनुपर्ने सो पार्टीको प्रतिबद्धता छ ।

वैदेशिक रोजगारीको शर्त कामको दक्षता, कामदारको आत्मसम्मान र व्यक्तिगत सुरक्षाको प्रत्याभूति अनिवार्य गरिनुपर्ने र यसको लागि राज्यलाई नै जवाफदेही बनाउने, करकाप, लोभलालच वा भ्रममा पारी वैदेशिक रोजगारीमा लैजाने कार्यलाई जघन्य अपराध घोषित गरी कडा दण्ड सजाय गरिने सो पार्टीको प्रतिबद्धता छ ।

२०४७ सालमा स्थापना भई २०४८ देखि संसदीय चुनावमा भाग लिंदै आएको यो पार्टी दुई वर्ष अघि विभाजित भएर एउटा समूहले नेपाल जनमुक्ति पार्टी गठन गरेको छ । विगतको चुनाव चिन्ह घर नेपाल जनमुक्ति पार्टीले पाएपछि यो दलले दुई हात मिलाएको चिन्ह पाएको छ । पार्टीले लुम्बिनी प्रदेशका १० क्षेत्रमा प्रत्यक्षतर्फ र १२ जनालाई समानुपातिक उम्मेदवार बनाएको छ । आफ्नो उम्मेदवार नभएका क्षेत्रमा दल नभई तुलनात्मकरूपमा राम्रो छवि भएका उम्मेदवारलाई समर्थन गर्ने पार्टीका महासचिव टोप अस्लामी मगरले बताए ।

# रूपन्देही २ मा कांग्रेसको ८ हजार ५६५ जनाको निर्वाचन समिति




बुटवल । फागुन २१ को प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी रूपन्देही २ मा नेपाली कांग्रेसले ८ हजार ५६५ सदस्यीय मुल निर्वाचन समिति गठन गरेको छ । शुक्रबार बुटवल ८ श्रवणपथमा निर्वाचन परिचालन समितिको कार्यालयको उद्घाटन समारोहमा क्षेत्रीय सभापति प्रजापाल गिरीले जम्बो आकारको निर्वाचन समिति घोषणा गरेका हुन् । समितिको संयोजकमा क्षेत्रीय सभापति गिरी नै रहेका छन् । समितिमा बुटवल, सैनामैना र तिलोत्तमा नगर समिति, क्षेत्रीय समितिका पदाधिकारी र सदस्य, प्रदेशसभा क्षेत्रीय समितिका सदस्य लगायत रहेका छन् ।

पार्टी केन्द्रीय सदस्य रामबहादुर कार्कीले क्षेत्रीय सभापति गिरीको नेतृत्वमा ३२ वटा विभिन्न उप-समितिसहित मुल निर्वाचन समिति गठन गरिएको बताउँदै अब कांग्रेस एकजुट भएको बताए । रूपन्देही-२ का प्रतिनिधिसभा सदस्य उम्मेदवार चुन्नप्रसाद पौडेलले निर्वाचनमा लोभ-लालच देखाउने प्रवृत्तिको अन्त्य गर्नुपर्ने भन्दै रेल र पानीजहाजजस्ता अव्यावहारिक आश्वासनबाट टाढा रहन आग्रह गरे । सो अवसरमा बोल्दै नेपाली कांग्रेस लुम्बिनी प्रदेशका कोषाध्यक्ष प्रकाश रानाले विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्व चयनपछि देशभर नै कांग्रेसको पक्षमा लहर आएकाले बहुमत आउने दाबी गरे । रूपन्देही २ मा एमालेबाट विष्णु पौडेल, नेकपाबाट सुवास पाण्डे (विश्वदीप),रास्वपाबाट सुलभ खरेल, प्रलोपाबाट नारायण नागिलालगायत ३९ जना उम्मेदवार छन् ।

लुम्बिनी प्रदेशसभाका प्रमुख सचेतक जमुना ढकालले कांग्रेसले बहुमत ल्याउनेगरी सबैले माहोल बनाउन लाग्नुपर्ने बताइन् ।

# गैरेले सुरु गरे चुनावी प्रचार अभियान



पाल्पा । यही फागुन २१ गते हुने प्रतिनिधीसभा सदस्य निर्वाचनको लागि पूर्व अनेरास्ववियुका केन्द्रीय अध्यक्ष एवं नेकपा एमाले पाल्पा क्षेत्र नं. २ का उम्मेदवार ठाकुरप्रसाद गैरेले जन्मस्थान बगनासकाली गाउँपालिका वडा नं. ८ बराङ्दी देउरालीबाट चुनावी प्रचार अभियान सुरु गरेका हुन् ।

सहिदको बलिदानको कारण नेपाल प्रजातन्त्र हुँदै संघीय गणतान्त्रिक व्यवस्था आएकोले सहिद दिवसमा सहिदहरुप्रति माल्यापर्ण गर्दै आफ्नो जन्मस्थानबाट एमाले उम्मेदवार गैरेले चुनावी प्रचारप्रसार अभियान शुरु गरेका हुन् ।

चुनावी प्रचारप्रसारको क्रममा एमाले नेता गैरेले विद्यार्थीकालदेखि आफू देश र जनताप्रति समरपित भई काम गर्दै आएको, भारतीय पक्षबाट कालापनी, सुस्ता जस्ता स्थानमा सीमा अतिक्रमणविरुद्ध सडक संघर्षदेखि कालापानी, सुस्तामा मार्चपास गरेको, तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनविरुद्ध प्रजातन्त्रको लागि सडक संघर्ष गरेको, एन सेल भ्रष्टचार काण्डमा सडक अवरुद्ध जस्ता देशविरुद्ध भएका गतिविधिमा निरन्तर संघर्षमा जीवन बिताएको एमाले उम्मेदवार गैरेले बताए ।

जीवनभर देश र जनताको पक्षमा काम गरे, २०७९ सालको निर्वाचनमा जनताले जिताएर पठाएपनि ५ वर्षे लाभको कार्यकाल पूरा नहुँदै ३१ महिनाको अवधिमा पुन निर्वाचनमा आउन बाध्य भएको एमाले उम्मेदवार गैरेले बताए । ५ वर्षे कार्यकाल पूरा नहुँदै संसद विघटन भएकाले, संसद हुँदा सुरु गरेको विकास निर्माणका थुप्रै अधुरा योजनाहरु पूरा गर्न पुनः उम्मेदवार भई जनताको माझमा आएको उम्मेदवार गैरेले जनाए । २०७९ सालमा जनतासंग गरेका आधाभन्दा बढी काम पूरा गरेको, बाँकी योजना सुरु भएकोले पूरा गर्न जनताको घरदैलोमा आएकोले सूर्यमा मतदान गर्न अपिल गरे ।

विद्यार्थीकालदेखि नै जनता र देशको पक्षमा उभिएर निरन्तर राष्ट्रहितको पक्षमा काम गरेको बताउँदै उम्मेदवार गैरेले नेकपा एमालेबाट टिकट पाई उम्मेदवार भए पनि, आफू पाल्पाली जनताको साझा उम्मेदवार भएकोले सूर्यमा मतदान गरी विजय बनाउन अनुरोध गरे ।

देशमा बढेको भ्रष्टाचार हटाउन, सुशासनको लागि जेनजीहरुको मुख्य माग रहे पनि, अन्यपक्ष घुसपैठ गरी देशलाई तहस, नहस बनाएकोले देशलाई लयमा फर्काउन, जेनजीको मागलाई सघाउन पनि आफ्नो उम्मेदवारी रहेकोले सूर्यमा मतदान गर्न गैरेले टोलवासीलाई अनुरोध गरे ।

संसदमा सबैभन्दा बढी पाल्पाली जनताको समस्याको बारेमा दरोसंग कुरा राखेको, सुन्तला खेतीलाई राष्ट्रिय फलको मान्यता दिलाउन पहल गरेको, जंगली जनावरको कारण पाल्पाली किसानहरु घरबार छोडी विस्थापित हुनु परेको, स्वास्थ्य बिमाको कारण जनताले पाएको दुःखको अवस्था, राष्ट्रिय राजमार्गदेखि क्षेत्रीय राजमार्गमा देखिएका समस्याको बारेमा आवाज उठाएको, पाल्पाको विकास निर्माणको बारेमा थुप्रै पटक संसदमा आवाज उठाएको र सदनमा आवाज उठाएपछि अधिकांश विषयबस्तुको समस्या समाधान भएको, एमाले पाल्पा क्षेत्र नं. २ का उम्मेदवार गैरेले बताए । देश संकटमा रहेकोले देशको रक्षा गर्न, मुलुकलाई बचाउन आफ्नो प्रमुख भूमिका रहने उम्मेदवार गैरेले जोड दिए ।

एमाले बगनासकाली गाउँ कमिटीको आयोजना सुरु भएको प्रचार अभियानमा एमाले केन्द्रीय लेखा आयोग उपाध्यक्ष धनेन्द्रराज घिमिरे, एमाले नेता डा. रामबहादुर राउत, केन्द्रीय सल्लाहकार परिषद् सदस्य फर्सुराम भट्टराई, पूर्व जिल्ला अध्यक्ष देवीप्रसाद बस्याल, गाउँकमिटी अध्यक्ष डेन्जिङ्ग रायमाझी, उप-सचिव दिलिप गाहाले देश बचाउन, एमालेका उम्मेदवारहरुलाई विजयी बनाउनु पर्नेमा जोड दिए ।

पाल्पा क्षेत्र नं. २ मा एमालेका उम्मेदवारसहित १४ दल र दुई स्वतन्त्र गरी १६ जना उम्मेदवार चुनावी प्रतिष्पर्धामा उत्रिएका छन् । पाल्पामा २०७९ सालको निर्वाचनमा मुख्य प्रतिष्पर्धा नेकपा एमाले र नेपाली कांग्रेस, तत्कालीन नेकपा माओवादी केन्द्र, नेकपा समाजवादी, राष्ट्रिय जनमोर्चासहितको गठवबन्धनबिच रहेको थियो ।

पाल्पाका दुबै निर्वाचन क्षेत्रमा गठबन्धनका उम्मेदवारहरुलाई पराजित गर्दै नेकपा एमालेका उम्मेदवारहरु विजयी भएका थिए । २०७९ सालको आम निर्वाचनमा पाल्पा क्षेत्र नं. १ बाट नारायणप्रसाद आचार्य र क्षेत्र नं. २ बाट ठाकुर प्रसाद गैरे विजयी भएका थिए । पाल्पा क्षेत्र नं. २ मा १ लाख ९ हजार ५३ जना मतदाता रहेका छन् । जसमा ५३ हजार ७ सय ७५ जना पुरुष र ५५ हजार २ सय ७८ जना महिला मतदाता रहेका छन् । पाल्पा क्षेत्र नं. २ मा १ सय १८ मतदान स्थल र २ सय ५१ वटा मतदान केन्द्र रहेका छन् ।

# रूपन्देहीमा खेलकुद र फोटो पत्रकारिता पुरस्कार स्थापना

बुटवल । नेपाल पत्रकार महासङ्घ रुपन्देहीले फरक फरक दुई विधामा पुरस्कार स्थापना गरेको छ । नेपाल पत्रकार महासङ्घ रुपन्देही शाखाको १५औँ नियमित बैठकले खेलकुद पत्रकारिता पुरस्कार र फोटो पत्रकारिता पुरस्कार स्थापना गरेको हो ।

यी दुवै पुरस्कारको राशि २५/२५ हजारको हुने पत्रकार महासङ्घ रुपन्देहीले जनाएको छ ।

नेपाल पत्रकार महासङ्घको स्थापना दिवसका अवसरमा आयोजित फुटसल प्रतियोगिताबाट बचत भएको रकमबाट ५ लाखको कोषमा जम्मा गर्ने निर्णय गरेको छ । उक्त कोषबाट आउने ब्याजबाट उक्त पुरस्कार दिइने छ । महासङ्घले उक्त पुरस्कार यस वर्षको स्थापना दिवसका अवसरमा वितरण गर्ने जनाएको छ ।

त्यसैगरी महासङ्घले यसै वर्षबाट फोटो पत्रकारिता पुरस्कार स्थापना गर्ने निर्णय गरेको छ । महासङ्घले गत पुस महिनामा बुटवल मण्डपमा सञ्चालन भएको फोटो प्रदर्शनीबाट सङ्कलित रकमबाट ५ लाख रुपैयाँको कोष निर्माण गरी उक्त कोषको ब्याजबाट आउने रकमबाट प्रत्येक वर्ष लुम्बिनी प्रदेशभरिका पत्रकारहरूले प्रकाशन गरेका फोटोमध्ये उत्कृष्ट एक जना पत्रकारलाई उक्त पुरस्कार वितरण गरिने जनाएको छ । उक्त कोषका लागि रुपन्देही उद्योग सङ्घले २ लाख रुपैयाँ सहयोग गरेको छ ।

महासङ्घका अध्यक्ष दिनेश पाण्डेले रुपन्देहीले लुम्बिनी प्रदेशका सबै जिल्लाहरूलाई भावनात्मक रूपमा जोडने उद्देश्यले प्रदेशस्तरीय उक्त पुरस्कार स्थापना गरिएको बताए । 'अग्रजहरूले रुपन्देहीलाई पत्रकारितामा मोफसलको राजधानी भन्ने कुरालाई स्थापित गर्नु भएको छ, हामी त्यसलाई भावनात्मक ढङ्गले जोड्ने प्रयत्न स्वरुप उक्त पुरस्कार स्थापना गरेका हौँ,' पाण्डेले भने-'रूपन्देही पत्रकारितामा अगुवाइ गरेको जिल्ला हो, यसले फोटो पत्रकारितामा लागेकाहरूलाई प्रोत्साहन पनि मिल्ने छ ।' त्यसैगरी महासङ्घले आफ्नो मातहत रहेको पत्रकार कल्याणकारी कोषलाई ३० लाख रुपैयाँ बनाएको छ । यसअघि २५ लाख रुपैयाँ रहेको कोषलाई यस वर्ष ५ लाख रुपैयाँ थप गरी ३० लाख बनाएको हो ।

महासङ्घले उक्त कोषबाट कुनै पत्रकारको मृत्यु भएको खण्डमा आश्रित परिवारलाई २५ हजार रुपैयाँ रकम प्रदान गरिने जनाएको छ । त्यसैगरी विगतमा दुर्घटनाबाट घाइते पत्रकारहरूको उपचार सहयोग हुँदै आएकोमा गत वर्षदेखि सुत्केरी पोषण खर्च र शिशु बचत योजना समेत सञ्चालन गरेको छ । महासङ्घ रुपन्देही शाखाका अनुसार महासङ्घ रुपन्देही शाखामा आबद्ध पत्रकार महिला सुत्केरी हुँदा ५ हजार रुपैयाँ पोषण खर्च र उनको शिशुका नाममा ५ हजार रुपैयाँको शिशु बचत खातामा रकम जम्मा गरिदिने छ । महासङ्घको बैठकले निर्वाचनका समयमा हुनसक्ने पत्रकार आचार संहिता उल्लङ्घन र पत्रकारको सुरक्षाका विषयमा अनुगमन गर्न अध्यक्ष दिनेश पाण्डेको अध्यक्षतामा महासङ्घका सल्लाहकारहरू सदस्य रहेको अनुगमन समिति समेत गठन गरेको महासङ्घका सचिव सिपी खनालले बताए ।

यसका साथै महासङ्घले पत्रकार कल्याणकारी कोषको कार्यविधि २०८२ तथा फोटा पत्रकारिता पुरस्कार तथा खेलकुद पत्रकारिता पुरस्कार कार्यविधि २०८२ पारित गरेको छ । भने अन्य पुरस्कारहरू समेत व्यवस्थित गर्ने निर्णय महासङ्घले गरेको छ ।

# प्यारामाउन्टको फुटबलमा सम्राटको टिम विजयी



तिलोत्तमा । तिलोत्तमा नयाँमिलस्थित प्यारामाउन्ट बोर्डिङ् हाई स्कुलमा जारी खेल सप्ताहअन्तर्गत तेस्रो दिन कक्षा ११ र १२ का विद्यार्थीहरूबिच फुटबल प्रतियोगिता सम्पन्न भएको छ ।

सो प्रतियोगितामा कक्षा १२ को सम्राट बास्तोलाको टिमले विजय हासिल गरेको छ ।

सो प्रतियोगिता खेल अवधिभर ३/३ गोलको बराबरीपछि पेनाल्टी सुटआउटमा ३/२ ले सम्राट बास्तोलाको टिमले कक्षा १२ कै रघु गैरेको टिममाथि सहज जित हासिल गरेको हो ।

सो प्रतियोगितामा कक्षा ११ र १२ का आठवटा टिमको सहभागिता थियो ।

# न्यू होराइजन छात्र भलिबलको सेमिफाइनल र फाइनल आज



बुटवल । न्यू होराइजन इङ्ग्लिस सेकेण्डरी स्कूलअन्तर्गतको न्यू होराइजन स्पोर्ट्स क्लबको आयोजनामा बुटवलमा जारी चौथो न्यू होराइजन कप अन्तरमावि जिल्लास्तरीय छात्र भलिबल प्रतियोगिताको क्वाटर फाइनलका खेलहरु पूरा भएका छन् । शुक्रबार सम्पन्न क्वाटर फाइनल खेलहरुमा विजयी हुँदै आयोजक न्यू होराइजन इङ्ग्लिस सेकेण्डरी स्कूल, कान्ति मावि, सैनामैना मावि र कालिका मानवज्ञान मावि सेमिफाइनलमा पुगेका छन् । शनिबार हुने पहिलो सेमिफाइनल खेलमा न्यू होराइजन र कान्ति मावि तथा दोस्रो सेमिफाइनलमा सैनामैना मावि र कालिका मानव ज्ञान मावि फाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्नेछन् । फाइनल खेल र पुरस्कार वितरण पनि शनिबार नै हुने क्लबका उपाध्यक्ष बालकृष्ण बस्यालले जानकारी दिए ।

प्रतियोगितामा जिल्लाका ९ संस्थागत र ७ सामुदायिक गरी १६ टिमको सहभागिता रहेको थियो । प्रतियोगितामा प्रथम हुनेले ४० हजार, द्वितीय हुने टिमले नगद ३० हजार, तृतीय हुनेले नगद २० हजार र सान्त्वना हुनेले नगद १० हजारसहित कप मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् ।

प्रतियोगितामा बेष्ट प्लेयर, सेटर, ब्लकर, स्पाइकर, डिफेन्डर, सर्भर, कोच, अनुशासित खेलाडि र उदियमान खेलाडीलाई पनि पुरस्कृत गरिनेछ । क्लबले एक वर्ष छात्र भलिबल र अर्को वर्ष छात्रा भलिबल प्रतियोगिता गर्दै आएको छ ।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com